# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल भौगोलिक अवस्थामा केही सानो मुलुक भएता पनि यहाँ विविधता छ । नेपाललाई एउटा विविधतामा एकता (Unity in Diversity)भएको देशको रुपमा लिइएको छ । यहाँ जातिय विविधता, भाषिक विविधता, साँस्कृतिक विविधता, भेषभूषाको विविधता, भौगोलिक विविधता रहेको छ । तैपनि अहिले सम्म सामान्य जातिय, धार्मिक, भाषिक हिंसा मात्र भएको छ । यसलाई हामी सबै नेपालीले कदर र सम्मान गर्नुपर्दछ । समाजशास्त्रिय दुष्टिकोणले झन यसलाई सकारात्मक र अहिंसात्मक सामाजिक र साँस्कृतिक परिवर्तनको रुपमा लिनु पर्दछ । वि.स. २०५८ को जनगणना (CBS REPORT, 2001) को अनुसार नेपालमा १०२ भन्दा बढी जनजाती र ९२ वटा जति भाषा बोलिन्छ । यी माथि उल्लेखित सबै आदिबासी जनजातीको फरक–फरक भाषा, संस्कार, संस्कृति चालचलन रहेको छ । तरपनि सबै जनजातीहरु एकताबद्ध ढंगले आफ्नो हक र हितको लागि एकै ठाउँमा उभिएका छन् । नेपाललाई एकताको शुत्रमा बाँधेर राख्नको लागि आदिबासी जनजातीको भूमिकालाई महत्वपूर्ण मान्नु पर्दछ ।

नेपाल एउटा सानो र विकान्सोन्मुख मुलुक भएता पनि धार्मिक, साँस्कृतिक, भाषिक र जातीय रुपले धनी छ । नेपालको इतिहासलाई अध्ययन गर्दा कुनै बेला प्राय : सबै जातीले राज्य गरेको देखिन्छ । समयक्रम अनुसार कुनै शासक र कुनै शासित अवस्थामा रहने यो प्रक्रिया विश्वमा चलिनै रहेको छ । समाजशास्त्रीय दृष्टिकोणले वा समाजशास्त्रको महत्वपूर्ण दृष्टिकोण वा पद्धति अन्तर्गत रहेर नेवार जातीको जनजातिय अध्ययन(Ethnographic Study)गरिने छ । नेवार जातीको अध्ययन गर्दा नेवार जातीको उत्पत्ति कसरी,कहाँ केको लागि भयो, यिनीहरुको शारीरिक बनावट, साँस्कृति, आर्थिक, सामाजिक, राजनैतिक आदि अवस्थाको अध्ययन गर्नुको साथै खानपान तथा रितीरिवाजको पनि अध्ययन गर्नुपर्ने हुन्छ । सबै अवस्था र परिवेशको अध्ययन गरी निष्कर्षमा पुग्नको लागि संरचनात्मक–प्रकार्यात्मक पद्धति वा दृष्टिकोण उपयुक्त हुन्छ । नेवार जातिको बारेमा लिखित अलिखित, प्रकाशित, अप्रकाशित सबै किसिमको इतिहास पाइन्छ । नेवार जाती नेपालको सन्दर्भमा एउटा

सामाजिक, आर्थिक र राजनैतिक रुपले सक्षम र पहिचान दिन सक्ने जातीको रुपमा लिन सकिन्छ । विशेष गरी व्यापार पेशा अपनाउने जातिको रुपमा लिने नेवार जातिहरु शहरतिर बसोबास गरेको पाइन्छ । नेवारहरुको घरहरु विशेष गरी देशका अन्य क्षेत्रको तुलनामा एकैनासका माटो र इँटाले बनेका यहाँका घरहरुको प्रमुख विशेषता रहेको छ । यो जातीका मानिसहरु प्राय शिक्षित रहेको पाइन्छ ।(स्रोत : **तुलतधार, २०६७ : नेवार जातीको चिनारी**)

नेपालमा जब प्रजातन्त्रको शुरुवात भयो, वि.स. २००७ सालको क्रान्ति पछि जहानिया राणा शासनको व्यवस्था ढल्यो । त्यसपछि बनेको शासन व्यवस्था प्रजातान्त्रिक शासन व्यवस्था भएकोले निश्चय नै जहानिया राणा शासन व्यवस्थामा भन्दा हरेक सामाजिक, साँस्कृतिक, जातिय संगठन, धार्मिक संगठन तथा राजनितिक दलहरु खोलिन थाले । क्रमशः विकास क्रम बढ्दै गएको बेला फेरि वि.स. २०१७ साल पौष १ गते तत्कालिन राजा श्री ५ महेन्द्रद्धारा बहुदलीय प्रजातान्त्रिक शासन व्यवस्थालाई खारेज वा बन्द गरी फेरि पनि एक दलिय शासन व्यवस्थाको शुरुवात भयो । यसरी नै राजनितिक घटनाक्रम बढ्दै जाँदा वि.स. २०४६ सालमा पुनः प्रजातन्त्र प्राप्त भयो । यसरी नै राजनितिक घटनाक्रमको बदलिदो परिस्थितिसँगै देशमा धेरै जातीय संगठनहरु खोलिए । त्यसपछि सामाजिक, आर्थिक, साँस्कृतिक शैक्षिक क्षेत्रमा पहुँच भएका जातीको रुपमा नेवार जातीलाई पनि लिइन्छ । वि.स. २०६२/०६३ सालको तेस्रो  जनआन्दोलनको रुपमा सफल भएपछि हरेक निकायमा हरेक जाती वर्गको समानुपातिक र समावेशी प्रतिनिधित्वको लागि आरक्षण कोटाको व्यवस्था गरिएको छ ।जसमा नेवार जातिको उपस्थिति ज्यादै रहेको पाइन्छ । आदिवासी जनजाति भित्र पनि नेवार जाति भने उन्नत वर्गमा रहेको पाइन्छ । नेवार जातीको प्रमुख थलो काठमाडौं भएता पनि नेपालको १४ अञ्चल ७५ जिल्ला मै छरिएर रहेको पाइन्छ । नेवार जातीको शारीरिक बनोट आर्य नश्लको लक्षणमा रंग गहुगोरो हुन, शरीरको उचाई अग्लो, लामो हुनु, चुच्चो नाक, गोलो जँगा, फराकिलो निधार, ठूल्ठुला आँखा मुख्य हुन । काश्मीर र पञ्जाबका आर्यहरु सँग आजभोली पनि यो लक्षण बढी देखिन्छ । तर पूर्व तिर जाँदा हावापानी र बासस्थलको प्रभावले र अनार्य नश्लको रगत मिसिएकोले यो लक्षण कम हुँदै गईरहेको छ । आग्नेय देशी मँगोल नश्लका रङ्गरुप देश अनुसार फरक फरक भएको पाइन्छ । हिमालको आग्नेयदेशी किराँतहरुको रंगरुप चेप्टो नाक, गालाको हड्डी निस्के जस्तो गोलो गोलो अनुहार, जुङ्गा कम, छाता जस्तो परेला भएको हुन्छ । नेपालमा बस्ने किराँत जातमा कसैसँग यो लक्षण पूरा र कसैसँग थोरै हुन्छ । यी समुदायको

प्राकृतिक धर्म बाहेक शास्त्रीय धर्म परम्पराहरु शैव, बैष्णव, शाक्तलाई पनि अँगालेको पाईन्छ । नेवार जातिको मुख्य पेशा व्यापार रहेको छ ।(स्रोत : **तुलतधार, २०६७ : नेवार जातीको चिनारी**)

नेपाली समाज हिन्दु आर्यन संस्कृतिमा आधारित छ । कुनै पनि धर्मले महिलाप्रति भेदभाव गरेको तथ्य उल्लेख भएको पाइँदैन । तर यस धर्मको गलत व्याख्या गरी महिलाहरु प्रति भेदभाव धेरै वर्ष देखि चलनचल्तीमा भएको पाइन्छ । आजभन्दा करीब १०० वर्ष अगाडी महिलालाई सन्तान उत्पादन गर्ने र पुरुषहरुको मनोरञ्जनको साधनको रुपमा प्रयोग गर्ने गरिन्थ्यो । प्राचीन युगमा महिलाहरुलाई मानव अस्तित्व विहिन बनाई दासका रुपमा समेत प्रयोग गर्ने गरिन्थ्यो । तसर्थ राजनैतिक, आर्थिक, सामाजिक र साँस्कृति चेतनाको अभाव नै पुरुषले महिलाहरु प्रति असमान व्यवहार गर्नुको प्रमुख कारण देखिन्छ ।(**स्रोत :तुलतधार, २०६७ : नेवार जातीको चिनारी**)

समयको साथसाथै महिलाहरुको अधिकार र स्वतन्त्रताको लागि हरेक क्षेत्रमा आवाज उठ्न थाल्यो । जसको फलस्वरुप वर्तमानमा आधुनिक परिवर्तन भएको देख्न सकिन्छ । स्वास्नी मानिसहरु शारीरिक र शक्तिका दृष्टिले पुरुषहरु समान नहुँदा नुहँदै पनि पुरुष प्रदान समाजले उनीहरुलाई घरधन्दाको साथै बाहिरी कामको समेत जिम्मेवारी थपेको छ । प्रकृतिले नै महिलाहरुलाई पुरुष भन्दा शारीरिक रुपमा कमजोर बनाएकोले यसलाई विशेषत ध्यानमा राखी उनीहरुलाई संरक्षण र सुविधा प्रदान गर्न सकिएमा नै राष्ट्रको समग्र विकास हुन सक्छ भन्ने धारणाको विकास भएको पाइन्छ । तसर्थ नेपाल अधिराज्यको अन्तरिम संविधान २०६३ मा महिला, बालक, वृद्ध, शारीरिक वा मानसिक दृष्टिले अशक्त व्यक्तिको संरक्षण वा विकासको लागि कानुनद्धारा विशेष व्यवस्था गर्न सकिनेछ भन्ने व्यवस्था गरेको छ । कानुनले समेत संवैधानिक व्यवस्था गरेपनि हामीले इमान्दारीपूर्वक समाजलाई नियालेर हेर्ने हो भने महिलाहरु वास्तवमा नै पछाडि रहेको पाइन्छ । (स्रोत :**नेपालको अन्तरिम संविधान २०६३**)

महिलाहरुलाई घरपरिवार तथा कृषि उत्पादनमा प्रदान गरिएको स्थान तथा श्रेय उनीहरुको अमुल्य योदानसँग पटक्कै मेल खादैन । ग्रामीण क्षेत्रहरुमा महिलाहरुको गाईवस्तु हेर्ने, खेतीवाली उब्जाउने जस्ता धेरै जसो काम गर्ने गर्दछन् । उनीहरु खाना बनाउन, बच्चा हुर्काउन, बुढाबुढीको स्याहार सुसार गर्न समेत जिम्मेवार बनाइएका हुन्छन । पुरुषहरुले घरको काममा नसघाउने हुनाले महिलाहरुले पानी, वस्तुभाउको लागि चारो तथा घाँस

दाउरा जम्मा गर्ने जस्ता निकै समय लाग्ने कामहरुको गर्ने तथा निकै धेरै भारी सामानहरु बोक्ने काम गर्दछन । धेरै परिवारहरुमा महिलाहरु सम्पूर्ण सदस्यहरुले खाई सकेपछि मात्र खान्छन । महिलाहरुको पनि पुरुष सरह अधिकार छ । महिलाहरुको पनि पुरुष सरह आर्थिक सामाजिक तथा राजनितिक क्षेत्रमा समान अधिकार हुनुपर्दछ ।

नेपालको महिलाहरुको अवस्था र स्थितिलाई नियालेर हेर्दा महिलाहरु पुरुषभन्दा थोरै पछाडी छन् भन्ने कुरा उनीहरुको शैक्षिक स्तर, राजनितिमा भएको सहभागिता, सरकारी वा अन्य जुनसुकै क्षेत्रमा भएको सहभागिता, स्कुलहरुमा छात्राहरुको संख्या आदि कुराहरुबाट प्रष्ट हुन्छ । वास्तवमा गाँउघरमा त महिलाहरुले आफ्ना घरमा खाना पकाउने, खाना खुवाउने, बच्चाहरुको स्याहार गर्ने, भाँडा माझ्ने देखि लिएर घरको अन्य सबै काम गर्नुपर्दछ । त्यसको साथै आफूले नसक्ने कामहरु समेत जिम्मा लिएर पुरा गर्नुपर्ने, पुरा गर्न नसकेमा लोग्नेको भनाई र कुटाई सहनुपर्ने वा भोकभोकै बस्नुपर्ने हुन्छ । त्यतिञ्जेल सम्म पुरुषहरु भने आनन्दले गफ गरेर बस्ने वा अरु कुनै मनोरञ्जनात्मक काम गर्ने गरेको समेत पाईन्छ । विहान उठेर सम्पूर्ण घरको काम सकेपछि घाँस दाउरा र मेलापात गरी साँझ अध्यारो भएपछि पुन : घरको धन्दा सबै सम्पन्न गरी पुग नपुग खाना खाई सन्तुष्ट हुनुपर्दछ । यस्तै कारणले गर्भवती अवस्थामा पौष्टिक आहार नपुगी रक्त अल्पता वा खतराजनक प्रसुतिका कारण कैयौं महिलाहरुको अकालमै मृत्यु हुने गरेको पाइएको छ । अर्कोतिर हेर्ने हो भने नेपालको दुर्गम गाँउहरुमा त घरका बुहारीहरुको दासको रुपमा जिवन विताइरहेका छन् । यसरी हेर्दा यस पुरुष प्रधान समाजमा महिलाहरु धेरै शोषित छन् ।(स्रोत : **तुलतधार, २०६७ : नेवार जातीको चिनारी**)

वि.स. २०४८ सालको जनगणना अनुसार मातृमृत्युदर लाई हेर्दा प्रति १०,००० जीवीत जन्ममा ५३.९ प्रतिशत र महिलाहरुको साक्षरता ३० प्रतिशत रहेको छ । निजामती किताब खानाको अभिलेख अनुसार ८०,००० सम्पूर्ण कर्मचारीहरुमा ५००० मात्र महिला कर्मचारी छन् । नेपालमा पाँच वर्ष मुनिका बालबालिकाहरु मध्ये झण्डै आधा संख्यामा बालबालिकाहरु कुपोषणबाट ग्रसित(ख्याउटे र कमतौल) छन् । राष्ट्रिय स्तरमा पाँच वर्ष मुनिका बाल मृत्युदर प्रति हजारमा ६४ अनुमान गरिएको छ । शिशु मृत्युदर प्रति हजार ४८ अनुमान गरिएको छ । प्रति १,००,००० जिवित जन्ममा २८१ का दरले हुने मातृमृत्यु ज्यादै उच्च छ । प्रजनन् उमेरका महिलाहरुमा हुने गरेको सम्पूर्ण मृत्युको ५ भागको १ भाग गर्भावस्थामा तथा सुत्केरी हुने अवधिमा अत्याधिक जटिलताहरुसँग गाँसिएको छ । (CBS,

2000)यसमा पनि नेवारी महिलाहरु पुरुषको तुलनामा अझ पछाडी परेका छन् । उनीहरुलाई घरभित्रको काममा सिमित राखेको पाइन्छ । अरु घरबाहिरको काममा भन्दा घर भित्र बसेर घर सम्हालेर बसेको देखिन्छ । अरु जातीहरुलाई जस्तो नेवार जातमा महिला स्वतन्त्रता त्यति धेरै देखिदैन् ।

## १.२ समस्याको कथन

नेपाल एउटा बहु भाषिक बहुसाँस्कृतिक, बहुधार्मिक, बहुजाती भएको देश हो । यसरी बहुसाँस्कृति र बहुजाती को बसोबास भएको देश भएतापनि विविधतामा एकता (Unity in Diversity)छ । नेपाल एउटा बहुसँस्कृति र बहुसमाज भएको देशको कारणले गर्दा समाजशास्त्रिय अध्ययनको लागि उपयुक्त र धेरै सम्भावना बोकेको क्षेत्रको रुपमा लिईन्छ । स्वाभाविक रुपमा समाजशास्त्र तथा मानवशास्त्रले जातीको उत्पत्ति, समाज, संस्कृतिको विगत र वर्तमान अवस्थामा कस्तो रुपमा परिवर्तन र विकास भइरहेको छ, यसलाई तुलना र मुल्याङ्कन गरी अध्ययन गर्दछ । यसबाट निश्चित रुपले विभिन्न समस्याहरु आउँछन् । यी समस्याहरुलाई सम्बोधन गर्नका लागि समाजशास्त्र अध्ययन गरेको नाताले सक्षम र जागरुक हुनुपर्छ । यस्तो खालको आशा समाज र संस्कृतिले गरेको हुन्छ । विभिन्न जातिहरुको भाषा, धर्म, संस्कृति, पश्चिमीकरण आधुनिकिकरण, विश्वव्यापीकरणले गर्दा लोप हुन्छ कि भन्ने आशंकाहरु पैदा भएका छन् । यस्ता आशंकाहरुलाई चिर्न र यसबाट मुक्त हुनको लागि पनि समाजशास्त्र विद्यार्थीहरुले अध्ययन गर्नुपर्दछ । विकासका भौतिक पूर्वाधारहरुको तीव्र निर्माण र विस्तारको कारणले उन्नत वर्गमा रहेको नेवार जातिको समाज र संस्कृतिमा परिवर्तन हुँदै गएको देखिन्छ ।

नेवार जातिमा महिलाको स्थिति पुरुषको तुलनामा पछाडि रहेको छ । नेवार जातीको महिलाको सामाजिक, आर्थिक, शैक्षिक अवस्थालाई सुधार्नको लागि विभिन्न सरकारी तथा गैरसरकारी (NGO/INGOS)बाट उपलब्ध हुने सरसहयोग वा वास्तविक लक्षित वर्गमा पुगेको छ कि छैन भन्ने विषयमा पनि गहन अध्ययन गर्नुपर्ने देखिन्छ । यस्तो मान्यता लिई सार्थक निष्कर्ष निकालिने छ । नेवार जाती उन्नत जातीको रुपमा रहेको एक आदिबासी जाती हो । उनीहरुको आफ्नो छुटै भाषा, धर्म, पेशा, संस्कृति रहेको छ । यस्तो उन्नत अवस्थामा रहे पनि महिलाहरुको स्थिति अलि पछाडि परेको देखिन्छ । यस्तो

समस्यालाई समाधान गर्नको लागि हामीले अध्ययन गर्नुपर्दछ । यी विभिन्न नेवार जातीका महिलाहरुको समस्यालाई सम्बोधन गर्नको लागि निम्न प्रश्नहरु अगाडि सारिएको छ ।

- नेवार जातीको ऐतिहासिक पृष्ठभूमि के हो ? उनीहरुको उत्पत्ति वा बसाई सराई कहाँबाट भयो ? यसको यथेष्ट प्रमाण जुटाउन सकिन्छ ?
- नेवार जातीको अन्य जातीहरुसँगको बंशाणुगत सम्बन्ध, सामाजिक र आर्थिक क्रियाकलापमा कस्तो सम्बन्ध छ भन्ने विषयमा प्रष्ट पार्ने ?
- पश्चिमीकरण, आधुनिकिकरण र विश्वव्यापीकरणको कारणले नेवारी जातीको समाजिक, आर्थिक, साँस्कृतिक, भाषिक र राजनितिक विषयमा कस्तो प्रभाव परेको छ ?
- इलाम जिल्ला इलाम नगरपालिका क्षेत्रमा बसोबास गर्ने नेवार जातीका महिलाहरुको शैक्षिक, आर्थिक अवस्था कस्तो छ ?
- अन्य जाती तथा समुदायका महिलाहरुको तुलनामा नेवार जातीका महिलाहरुको स्थान कस्तो रहेको छ ?

यी माथि उल्लेखित प्रश्नहरुबाट नेवार जातीका महिलाहरुको समस्यालाई नेपालमा बसोबास गर्ने सम्पूर्ण नेवार जातीको समस्यासँग तुलना र मुल्यान्कन गरी यसबाट मुक्त हुने उपायको सही पहिचान गरी यसलाई इलाम जिल्लामा बसोबास गर्ने नेवार जातीका महिलाहरुको समस्यालाई पनि सम्बोधन गर्न उचित उपाय मिल्नेछ ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य इलाम जिल्ला इलाम नगरपालिका क्षेत्रमा बसोबास गर्ने नेवार जाती तथा नेवार समुदायभित्रका महिलाहरुको सामाजिक, आर्थिक अवस्थाको अध्ययन गरिने छ । साथै वर्तमान समयमा विस्तार भइरहेको यातायात, सञ्चार, विजुली, विद्यालय, कलेजको कारणले समाज र संस्कृतिमा भएको परिवर्तनलाई पनि उल्लेख गरिएको छ । नेवार जातीका महिलाको बारेमा अध्ययन गर्नुको मुख्य उद्देश्यहरु तल उल्लेख गरिएको छ ।

१. इलाम जिल्ला इलाम नगरपालिका क्षेत्रमा बसोबास गर्ने नेवार जातीका महिलाहरुको सामाजिक, आर्थिक, साँस्कृतिक, राजनैतिक, शैक्षिक आदि यावत अवस्थाको लेखाजोखा गरि अध्ययन गर्ने

२. इलाम नगरपालिकामाबसोबास गर्ने नेवार जातीका महिलाहरुको सामाजिक शसक्तिकरण अन्य जातिका महिलाहरुसँग तुलनात्मक रुपमा अध्ययन गर्ने ।

## १.४ अध्ययनको महत्व

नेपाल एउटा बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक, बहुजाती भएको देश हो । तरपनि राज्यको हरेक निकायमा वर्चश्व  राख्ने नेपाली खस समुदायको भाषिक र साँस्कृतिक विकास र सम्बर्द्धन भएको छ । राज्यले धर्म, जाती र संस्कृतिका पक्षपात पूर्ण र भेदभावपूर्ण व्यवहार गरेको छ । तर यस्तो अवस्थालाई वर्तमान समयमा त्यति प्रभावकारी देखिदैन । राज्यले लोप हुन लागेको जाती, धर्म, संस्कृति र भाषाको जर्गेना गर्नको लागि केही प्रयासहरु गरेको देखिन्छ । सरकारी निकाय बाहेक गैर सरकारी संस्थाहरु ले पनि भाषा, संस्कृति र जातीको संरक्षण र सम्बर्द्धन गर्नका लागि केही कार्यक्रमहर गरिरहेका छन् ।

नेवार जाती उन्नत जातमा पर्ने जाती हो । यसको पहुँच विभिन्न निकायमा वर्चश्वको रुपमा रहेको छ । यिनीहरुको आफ्नै भाषा, धर्म, संस्कृति रहेको छ । नेपालको पूर्व मेची देखि पश्चिम महाकाली सम्म बसोबास गर्ने नेवार जातीको सामाजिक तथा आर्थिक अवस्था मध्यम रहेको देखिन्छ । यिनै अवस्थालाई मध्यनजर गरि नेवार जातीको अध्ययनबाट महिलाको सामाजिक तथा आर्थिक उत्थान र सुधार गर्न सकिने उपायको खोजी गरिने छ । यो आधारलाई हामी महत्वपूर्ण विषयका रुपमा लिनु पर्छ । आगामी दिनमा नेवार जातीको उत्थान गर्नको लागि अध्ययन गर्ने व्यक्ति, संस्थाको लागि पनि यो अध्ययन महत्वपूर्ण हुनेछ ।

## १.५ अध्ययनको संगठन

अध्ययनबाट संकलित तथ्याङ्कहरुको विवरणलाई संगठित रुपले प्रस्तुत गरिएको छ । त्यसमा जम्मा छ वटा अध्यायमा वर्गीकरण गरिएको छ । जसमा पहिलो परिच्छेदमा परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको संगठन आदि लिपीबद्ध गरिएको छ । त्यसैगरी दोस्रो परिच्छेदमा पूर्व साहित्यको समिक्षा, सैद्धान्तिक प्रकार्यात्मक सिद्धान्त, सैद्धान्तिक तथा अवधारणात्मक आधार प्रस्तुत गरिएको छ । तेस्रो परिच्छेदमा मा अनुसन्धानको ढाँचा, अध्ययन क्षेत्रको छनौट, तथ्याङ्कको प्रकृति र स्रोत, समग्र नमुना छनौट र एकाई विश्लेषण, तथ्याङ्क संकलनका विधिहरु, , तथ्याङ्कको प्रस्तुतिकरण र विश्लेषण र अध्ययनको सिमाङ्कन प्रस्तुत गरिएको छ । अध्ययन क्षेत्रको भौगोलिक पर्यावरणीय

स्थितिलाई चौथो परिच्छेदमा प्रस्तुत गरिनुका साथै घरधुरी उत्तरदाताहरुको सामाजिक, आर्थिक अवस्था, चारित्रिक विशेषतालाई समेत सोही परिच्छेदमा प्रस्तुत गरिएको छ । त्यसैगरी पाचौ परिच्छेदमा तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरणलाई विस्तृत रुपमा प्रस्तुत गरिएको छ । अन्तिममा अर्थात छैटौ परिच्छेदमा भने अध्ययनको समग्र स्वरुपको संक्षिप्त विवरण तथा निष्कर्ष एवम् सुझावलाई प्रस्तुत गरिएको छ ।

# परिच्छेद दुई
# पूर्व साहित्यको समिक्षा

## २.१ पूर्व साहित्य समिक्षा

नेपालको शासन व्यवस्थालाई विगत र वर्तमान गरि विभाजन गरि अध्ययन गर्दा धेरै उतारचडावहरु आएको देखिन्छ । गोर्खाका राजा श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहले नेपालको एकीकरण अभियानलाई अगाडि बढाउनु अघि सम्म वर्तमान नेपालको भौगोलिक अवस्था यस्तो थिएन । पश्चिममा बाइसे/चौविसे राज्यहरु थिए । उपत्यकामा ३ वटा राज्यहरु थिए । पूर्वी नेपालमा विभिन्न किराँत राज्यहरु थियो । पूर्वी नेपालमा विभिन्न किरात राज्यहरु थियो । जब श्री ५ पृथ्वीनारायण शाहले एकिकरणको अभियानलाई तीव्र जोड दिए तब नेपाल एक एकिकृत राज्य बन्यो । सँयोगबस  नेपाल भौगोलिक रुपमा मात्र एकिकृत राज्य बनेन, अरु जाती, जनजातीको भाषा, धर्म, संस्कृति, संस्कारलाई पनि तत्कालिन राजा, भारदारहरुले आफ्नो अनुकुल राज्यमा नीति बनाई विकास र विस्तार हुनबाट रोक्नुको लागि हस्तक्षेप गरी बन्देज गरे । नेपाल एक तरिकाले एकजाती, एकभाषी, एक धर्मको राज्य हो भन्ने अवधारणालाई विस्तार गर्न कुनै कसुर बाँकी राखिएन । जब जहाँनिया राणा शासनको शुरुवात भयो झन अरु जातीको भाषा, धर्म, संस्कृति, हकहितको अधिकारलाई बन्देज नै गरियो । यस्तो अवस्थाबाट मुक्त हुनको लागि धेरै मानिसहरुले बलिदान गरे । त्यस बलिदान पश्चात वि.स. २००७ सालमा प्रजातन्त्र प्राप्त भयो । प्रजातन्त्र प्राप्त भएपछि हरेक जातीले आफ्नो पहिचान र अस्तित्वलाई बचाउनको लागि विभिन्न जातीय संघसंगठनहरु खोल्न थाले ।

राज्यको खुल्ला नितिको कारणले नेपालमा विदेशी तथा स्वदेशी अनुसन्धान कर्ताहरुले विभिन्न जातीहरुको विषयमा अध्ययन गरेको पाईन्छ । यस क्षेत्रमा योगदान दिने विदेशी अध्ययन अनुसन्धान कर्ताहरुमा होईमेन्डर्फ (ई.स. १९६४) ले शेर्पा जातीको बारेमा, जे.टी. हिड्चोकले मगर जातीको बारेमा, बर्नाट पिगनेडले गुरुङ्ग जातीको बारेमा अध्ययन गरेको पाइन्छ । विभिन्न समयमा विदेशी मानवशास्त्रीय अध्ययनहरु पनि भएको पाईन्छ । जस अनुसार सेरी ओट्नरले (ई.स. १९८३), गुन्टरले(ई.स. १९८०), डेविट गेल्नरले (ई.स. १९८६), लेरी पिटर्स(ई.स. १९८१) हुन । त्यसै गरी नेपालको जातीय र साँस्कृतिक विविधतासँग नजीक रहेर नेपाली मानवशास्त्रीयहरुले पनि विभिन्न समयमा अध्ययन, अनुसन्धान गरेको पाईन्छ । जस अनुसार विष्ट(ई.स. १९६७), दाहाल(ई.स. १९८५), गुरुङ्ग(

ई.स. १९८०), लामा (ई.स. १९५१), चेम्जोङ्गई.स. १९६७) रहेको छ । यतीका अध्ययनले मात्र सबै जातीलाई समेट्न सक्दैन । तसर्थ समाजशास्त्रीय र मानवशास्त्रीय अध्ययन र अनुसन्धानलाई अझ शसक्त र जागरुक गर्नुपर्ने बाध्यता देखिन्छ ।

नेपालको आदिबासी मध्ये नेवार जात एक उन्नत जातीका रुपमा रहेको पाईन्छ । यो जात आफ्नो संस्कृतिमा धेरै धनी मानिन्छ । यसको आफ्नै संस्कृति, धर्म, भेषभुषा तथा भाषा रहेको छ । यस जातको जन्मदेखि मृत्यु सम्म गरिने आफ्नै खालका संस्कारहरु पाइन्छन । यस नेवार जाती भित्र पनि विभिन्न जातहरु रहेको पाईन्छ । विभिन्न जातीहरुमा कामको विभाजन गरिएको पाइन्छ । जात अनुसारको कामको निर्धारण गरिएको छ । यसको आफ्नै मूल्य मान्यता रहेको छ । नेपालको आदिम कालदेखि नै बसोबास गर्दै आएको पाईन्छ । यिनीहरुको मुख्य पेशा व्यापार हो । व्यापार लगायत खेतीपाती तथा उद्योग धन्दाको कार्यमा पनि अघि बढेको देखिन्छ ।

प्राकृतिक सुन्दरता र यहाँको उर्वरभूमि, भोट र भारत बीचको व्यापारिक केन्द्र भएकाले समय समयमा विभिन्न शासकहरुले यहाँको शासन आफ्नो हातमा पारेको देखिन्छ । समयको अन्तरलमा शासकहरु र उनीहरुसँगै उपत्यका भित्र आएका विभिन्न जातीका मानिसहरु सदाका लागि यहीँ बसे । विस्तारै उनीहरुले उपत्यकाको हावापानीसँगै यहाँका भाषा, कला, संस्कृति अपनाए । मँगोल मूलका किराँतहरु, आर्यमूलका शाक्य, कोलिय, लिच्छवी, ठकुरी र मल्लहरु पनि नेवारमा बदलिए । बिहारबाट आएका धोवीहरु काश्मीरबाट भागेका मुसलमानहरु पनि नेवारमा नै बदलिए । यसरी विभिन्न समयमा नेपाल उपत्यका भित्र पसी नेवारभाषालाई अँगाल्ने सबै नेवार भए । नेवारहरुको बीचमा उनीहरुको पहिचान दिने मानवशास्त्री, साँस्कृतिक, सामाजिक आधार केही नभए पनि उनीहरुले बोल्दै गरेको भाषा नै उनीहरुको पहिचानको बलियो आधार भएको (मल्ल १०९८ : २५५) छ ।

नेवार जातीमा धेरै जाती रहेका छन् । प्राचीन नेपाल एउटा पोखरी वा ताल रहेको पुष्टि भूगोल विद्हरुले गरेका छन् । पोखरीको पानी एक थरीको भनाईमा मन्जु श्रीको खड्गले चोभारको डाँडा काटी बाहिर पठाएको हो भने अर्काथरीको भनाइमा श्रीकृष्णको सुदर्शन चक्रले पहाड काटेर पानी बाहिर पठाई बस्ती विकास भएको हो । यस मध्ये पहिलो भनाई बढी चर्चामा रहेको छ । पोखरी वा ताल बस्ती योग्य भएपछि चारैतिर बस्ती बसालेको हुन् । त्यसपछि क्रमशः गोपाल वंशदेखि मल्ल वंश सम्मले नेपाल उपत्यकामा

राज्य गरे । त्यसबेला नेपाल उपत्यकामा बसोबास गरिरहका सबै नेवार हुन् । नेवार जात नभएर एउटा प्रादेशिक जाती हो । जयस्थिति मल्ल राजा हुनु अगावै नेपाल उपत्यकामा चार वर्ण १८ जातीका व्यवस्था (प्रधान, १११८:२) देखिन्छ ।

आदिबासी नेवार समाजमा पछिका आगन्तुक परिवारहरुले नेवार संस्कृति, विशेष गरि भाषा अपनाउन थाले । आफ्नो मुलभाषा त्यागी नेवारभाषा अगिंकार गरेको सबैलाई नेवाल वा नेवार भनिन थालियो । डुईया(राजवाहक) जस्ता आदिबासीहरु, चित्रकार, नापित, नकर्मी, माली, तण्डुकार आदि परिवारका आदिबासीहरु ज्यापु, समुदायका बहुसंख्यक र पछि आएका लिच्छवीमूलका केही परिवार थपिन गएको र सबै नेवार हुन गएको हो भने रिमाल, देवकोटा, सुवेदी, आचार्य आदि पूर्वीया ब्राम्हणहरु(उपाध्याय ब्राम्हणहरु) नेपाल मण्डलमा आई बसोबास गरी नेपाल भाषालाई मातृभाषाको रुपमा अपनाएपछि उनीहरुलाई पनि नेवार भन्न थालियो । नेवार ब्राम्हण भनिन लाग्यो । नेपालको तिरहुत क्षेत्रबाट नेपाल मण्डल(आज भन्दा ६–७ शताब्दी पहिले) पसेका झा, मिश्र, ओझा आदि मैथिली ब्राम्हणहरु पनि नेपाल भाषा अपनाएर नेवार भए । मैथिल मूलका रजकहरु पनि नेपाल भाषा र नेवार संस्कृति अपनाएर नेवार भए ।

यी विशेषताको कारणले डा. रेग्मीले “नेवार जाती होइन राष्ट्र हो” भनेका छन् । मानव समाजको विकासमा ट्राइभ, क्लान, नेशनालिटी, आदि तह पार गरी नेशन (राष्ट्र) को स्तरमा पुग्दछन् भने नेवारहरु पनि एक समय नेपाल मण्डल भूमिमा बस्ने सबै मूलका, विभिन्न जातीका जनता सम्मिलित नेवार राष्ट्र बनेको थियो । हाल अनुवांशिक DNAपरिक्षणको एक अनुसन्धानबाट आजका नेवारहरुको मूल पूर्खाहरु करिब १०,००० वर्ष पहिले प्राग्ऐतिहासिक संस्कृतिका साथ चीनको पहेंलो नदी (Yello River)समथल भूमीबाट आएको देखिन्छ । तर पनि ४३ प्रतिशत पूर्ण एसिया, १० प्रतिशत मध्य एसिया तथा २५.७ प्रतिशत दक्षिण एशियाबाट विभिन्न समयमा आई नेवार जातीको निर्माण भएको (तोन्जिन, ११२९/२००९, २१६–२२३) देखिन्छ ।

आजको स्थितिमा नेवारहरु एक जाती हो जाती भन्नु जात होइन । राणाकालीन मुलुकी ऐनमा “नेवार जातको ऐन” भनी अलग ऐन बनाई नेवार विरुद्ध भेदभाव गरे । जातीलाई जातको संज्ञा दिए ।

Hunting and Gathering Ageमा कुनै पनि जातीको निश्चित बसोबास र क्षेत्र थिएन् । नेवार जातीको मूल थलाको रुपमा काठमाडौं उपत्यकालाई लिइएको छ । सबै क्षेत्रमा नेवार जातीहरु छरिएिर रहेका छन् । उनीहरुको मुख्य पेशा व्यापार रहेको छ । व्यापार लगायत खेतीपाती तथा उद्योगधन्दामा पनि अगाडि बढेको पाइन्छ । यसलाई सही र उपयुक्त परिणाम निकाल्नको लागि फरक फरक ढंगले समाजशास्त्रीय र मानवशास्त्रीय दृष्टिकोणबाट जनजातिय अध्ययन गर्न आवश्यक छ । यसबाट आएको परिणामलाई समग्रात्मक दृष्टिकोण (Wholistic Approach)बाट हेर्नु पर्दछ । नेवारी जातीको सामाजिक, साँस्कृतिक, आर्थिक अवस्था र वर्तमान समयमा आएको परिवर्तनलाई बुझ्न अझ खोज र अध्ययन गर्न आवश्यक छ ।

## २.२ सैद्धान्तिक प्रकार्यत्मक सिद्धान्त

समाजमा सामाजिक संरचनालाई बुझ्ने, व्याख्या र विश्लेषण गर्ने, विभिन्न सिद्धान्तहरु रहेका छन् । समाज र संस्कृतिलाई बुझ्न, व्याख्या गर्न सामाजिक संरचनाको विश्लेषण गर्न बनेको यस्तै एउटा सिद्धान्त हो, संरचनात्मक प्रकार्यात्मक सिद्धान्त, जसको माध्यमबाट एउटा सिङ्गो समाजको संरचनालाई एउटा गाडीको सिङ्गो संरचनासँग तुलना गरेर हेर्न सकिन्छ । जसरी एउटा गाडी बनेर चल्न त्यसको विभिन्न पार्टपूर्जाको छुट्टाछुट्टै भमिका रहन्छ त्यसै गरी एउटा सिङ्गो समाज चल्न पनि विभिन्न इकाइहरुको आवश्यक्ता पर्दछ । सामाजिक एकाइहरुको विभिन्न भूमिका तथा क्रियाकलापबाट नै एउटा सिङ्गो सामाजिक संरचना चलेको हुन्छ । (ओझा, २०६९)

Herbert Spencerले समाजलाई शरीसँग तुलना गरी जसरी शरीरका अंगहरु बीच बाँच्नका लागि अन्योन्याश्रित सम्बन्ध छ । त्यसैगरी सामाजिक व्यवस्थामा पनि विभिन्न एकाइहरु र तिनीहरुको एकिकरणात्मक भूमिका र प्रकार्यले मात्र सामाजिक व्यवस्था अस्तित्वमा रहन सक्छ भन्ने उनको मत छ । (ओझा, २०६९)

Mainwoskiले सामाजिक व्यवस्थामा व्यक्तिको भूमिका र क्रियाकलापलाई जोड दिदै समाजमा व्यक्तिले गर्ने जैविक तथा सामाजिक कार्यमा व्यक्तिले गर्ने जैविक तथा सामाजिक कार्यमा व्यक्तिको आवश्यक्ताको परिपूर्ति प्राथमिक हुन्छ भन्ने तर्क राखेका छन् । (ओझा, २०६९)

Emile Durkheimले समाजमा व्यक्तिका क्रियाकलापलाई सामाजिक, साँस्कृतिक परिवेशमा सम्बन्धित गराएर विवेचना गर्नुपर्ने धारणाका साथ समाजमा जति पनि व्यवहार र क्रियाकलाप हुन्छन् तिनको प्रकार्यात्मक महत्व छ भन्ने निष्कर्ष दिएका छन् ।

Rwdcllift Brownले समाजलाई बुझ्न समाजको स्वरुप वा यसको वठन प्रक्रिया र यसभित्र रहेका एकाइहरुले अन्योन्याश्रित सम्बन्धलाई खोज्नुपर्छ भन्ने धारणा राखेका छन् ।

सामाजिक व्यवस्थामा विभिन्न एकाईहरु र तिनीहरुको एकिकरणात्मक भूमिका र प्रकार्यलेमात्र सामाजिक व्यवस्था अस्तित्वमा रहन सक्छ भन्ने मान्यता संरचनात्मक प्रकार्यात्मक सिद्धान्तलाई व्याख्या र विश्लेषण गर्ने विद्धानहरुको रहेको छ ।

यो अध्ययनमा पनि समाजमा नेवार जातिका महिलाहरुको भूमिका अन्य जातिहरुसँगको सम्बन्ध, प्रकार्य आदि बुझ्न संरचनात्मक प्रकार्यात्मक सिद्धान्त भित्र रहेर व्याख्या र विश्लेषण गर्ने प्रयास गरिएको छ । संरचनात्मक प्रकार्यात्मक सिद्धान्तका आधारमा हेर्दा प्रत्येक एकाईको समुदायको अस्तित्वको लागि महत्वपूर्ण भूमिका रहन्छ । यसको अध्ययनमा नेवार समाजको उत्पत्ति, उनीहरुको भाषा, धर्म, संस्कृति रितीरिवाज आदि सम्बन्धि अध्ययन गरिएको छ । संरचनात्मक प्रकार्यात्मक सिद्धान्त भित्र रहेर हेर्ने हो भने अन्य जातिका महिलाहरु भन्दा नेवार जातिका महिलाहरु आफ्नो परम्परागत मूल्य, मान्यता, धार्मिक आस्था र परम्परागत सोचविचारमा रहेका छन् । जसले गर्दा विभिन्न क्षेत्रमा सहभागिता र विकास हुन नसकेको प्रमाणित गर्ने विभिन्न आधारहरु रहेको देखिन्छ ।

नेवार जातिका महिलाहरु अन्य जातिको महिलाहरु भन्दा अलि पछाडि परेका छन् । उनीहरुलाई परिवारले त्यति स्वतन्त्रता दिएको पाईदैन । (ओझा, २०६९)

### मार्क्सवादी सिद्धान्त

मार्क्सवादी सिद्धान्त कार्लमार्क्सको बैचारिक व्याख्यामा आधारिति रहेको छ । मार्क्सवादी सिद्धान्तको विकास, परिवार, नीजि सम्पत्ति र राज्यको उत्पत्तिसँगै भएको छ । समाजको व्याख्या गर्ने क्रममा कार्ल मार्क्सले समाजलाई अर्थ व्यवस्थाको निर्धारणको उपज मानेका छन् । उनले मानव समाजको इतिहासलाई वर्ग संघर्षको इतिहाससँग जोडेर हेरेका छन् । उनका अनुसार वर्ग संघर्ष नै परिवर्तनका कारक तत्व हो । मार्क्सले आजसम्मको

मानव समाजलाई प्राचिन उत्पादन प्रणाली र समाजवादी उत्पादन प्रणाली जस्ता विभिन्न तहहरुमा विभाजन गरी यी तहहरु प्रत्येक समाजले पार गर्दछ भनेका छन् ।

अध्ययनका लागि छनोट गरिएका नेवार जाति पनि विभिन्न प्रकारका अधिकारका लागि संघर्षरत रहेको अवस्थामा छ । यो अवस्थामा अध्ययनको विषय मार्क्सवादी सिद्धान्तसँग सैद्धान्तिक मेल रहेको देखिन्छ । जसरी अरु जातीका महिलाहरु स्वतन्त्र भएर विभिन्न कार्यमा संलग्न भएका छन्, त्यसरी नै नेवार महिलाहरु पनि आफ्नो स्वतन्त्रताको लागि हक, अधिकारमा अगाडि बढ्न प्रयत्न गरिरहेका छन् । नेवार जातिका महिलाहरु समाज लगायत आफ्नो परिवारहरुबाट शोषित छन् । उनीहरुले भनेको बेला काम गर्न, समाजका लागि केही विकास गर्ने कुराहरुबाट बञ्चित भएको कारणले गर्दा उनीहरुले विभिन्न कुरामा संघर्ष भोग्नु परिरहेको छ । (ओझा, २०६९)

### नारीवादी तात्विक सिद्धान्त

नारीवादी तात्विक सिद्धान्त समकालीन नारीवादी आन्दोलनका उपजका रुपमा विकसित भएको देखिन्छ । महिलाहरुको स्थान धेरै परिस्थितिहरुमा पुरुषको भन्दा भिन्न छ । यो भिन्न मात्र नभएर पुरुष भन्दा असमान पनि छ । महिलाहरु शोषित छन् । यसो हुनुमा केवल असमान भएर मात्र नभई पुरुषहरुबाट सक्रिय रुपमा दबाउने, प्रयोग गर्ने र दुरुपयोग गर्ने काम भएको छ । महिलाका विषयगत अनुभव पुरुषका भन्दा भिन्न हुन्छन् । प्रत्यक्षवाद, पुरुषवादी वस्तुगत र औजारीय दृष्टिकोणको रुपमा रहेको छ । जसले महिलाका आवाजहरुको प्रतिनिधित्व गर्दैन । जसले गर्दा महिलाहरु अगाडि बढ्नका लागि आज सबै महिलाहरु एकजुट अगाडि बढ्न सकेका छैनन् । महिलाहरु अघि बढ्नका लागि आज सबै महिलाहरु एकजुट भएर लागि परिरहेका छन् । पुरुषहरुको तुलनामा महिलाहरु खासै अघि बढ्न सकेका छैनन् । आजको समयमा भने महिलाहरुले पनि विभिन्न संघसंस्थाहरु खोली नारीहरुको हकहितको कार्यहरु गरिरहेका छन् । (ओझा, २०६९)

## २.३सैद्धान्तिक तथा अवधारणात्मक आधार

यस अध्ययनमा संरचनात्मक, प्रकार्यात्मक अवधारणा अन्तर्गत रहेर जनजातीय अध्ययनगरिने छ । यस अध्ययनमा इलाम नगरपालिका भित्र रहेका नेवार समुदायको सम्पूर्ण जनसंख्याको सामाजिक, आर्थिक, साँस्कृतिक, राजनैतिक, शैक्षिक तथा पेशाको अध्ययन तथा

अनुसन्धान गरिएको छ । इलाम जिल्लामा नेवार जातीको जम्मा १८६३३ कुल जनसंख्या रहेकोछ जसमा पुरुष ८९४६ महिला ९६८६ रहेको छ । यस मध्येमा अन्य जनजातिका मानिस भन्दा नेवार जातीको बाहुल्यता देखिन्छ । यस नगरपालिका क्षेत्र भित्र नेवार जातीको जनसंख्या १०८५० रहेको छ । यी मध्ये पुरुष ५४५५ र महिला ५३९५ रहेका छन् । (स्रोत: **जनगणना, २०५८**)

यसबाट के प्रष्ट हुन्छ भने महिला भन्दा पुरुषको जनसंख्या अलि बढि रहेको छ । इलाम नगरपालिकामा रहेका नेवारी जातीहरुको सामाजिक र आर्थिक अवस्था मध्यम खालको रहेको छ । यहाँको नेवार जातीका मानिसहरु बजार क्षेत्रमा बसोबास गर्ने र व्यवसायमा संलग्न भएको देखिन्छ भने गाउँघर तिर कृषि पेशामा संलग्न रहेको पाइन्छ । यस लगायत कोही सरकारी जागिर, वैदेशिक रोजगार आदि कार्यमा संलग्न रहेको पाइन्छ । उनीहरुको संस्कृति अरु जातीहरुको भन्दा फरक खालको रहेको देखिन्छ । नेवार जातीका मानिसहरुले दशै, तिहार जस्ता ठूला चाडपर्व सँगसगै आफ्नो जाती विशेषमा प्रचलित रहेका जात्राहरु जस्तै गठेमङ्गल, गाईजात्रा, रोपाईजात्रा, लाखेजात्रा लगायतका अन्य जात्रा तथा पर्वहरु पनि धुमधामका साथ मनाउने गरेको पाइन्छ । नेवार जातीहरु नेपालको राजनैतिक क्षेत्रमा पनि अगाडी बढ्दै गइरहेका छन् ।

शैक्षिक रुपमा हेर्नुपर्दा यहाँका नेवार जातीका मानिसहरु पहिलेको तुलनामा अहिले शैक्षिक रुपमा अगाडि बढेको पाइन्छ । सबैमा चेतनाको विकास भएको पाइन्छ । पहिला बालबालिकालाई सरकारी स्कुलमा मात्र पढ्न पठाइन्थ्यो भने अहिले प्राय जसले पनि निजी स्कूलमा आफ्नो बालबालिकालाई पठाउने गरेको पाइन्छ । पहिला छोरी मान्छेलाई विद्यालय पढ्नलाई कमैमात्रमा पठाइन्थ्यो भने हाल आएर उनीहरुलाई पनि छोरा सरह विद्यालय तथा क्याम्पसहरुमा अध्ययन गर्ने बराबर अवसर दिइएको पाइन्छ । यसबाट के स्पष्ट हुन्छ भने शैक्षिक जनचेतनाको विकास भएको कारण हिजो भन्दा आजका महिला जसमा नेवार जातीका महिलाहरुले समेत शैक्षिक अवसर प्राप्त गर्दै गइरहेको पाइन्छ ।

यस अध्ययनमा नेवार जाती लगायत अन्य जातीहरुको महिलाहरुको बारेमा पनि तुलनात्मक अध्ययन गर्नुपर्ने भएका कारण यस इलाम जिल्लामा बसोबास गर्ने अन्य जातीहरु जस्तै राई, लिम्बु, ब्राम्हण, क्षेत्री, तामाङ्ग, मगर, गुरुङ्ग आदिको पनि अध्ययन गरिनेछ । जसमा इलाम जिल्ला भरि बसोबास गर्ने कुल जनसंख्या मध्ये राई जातीको

जनसंख्या ६८९०१ रहेको छ जसमा पुरुष ३४८८२ रहेको छ भने महिलाको जनसंख्या ३४०१९ रहेको छ । यसै गरी ब्राम्हण जातीको कुल जनसंख्या ४२८०५ मध्ये पुरुष २१४७६ छ भने महिलाको संख्या २१३२९ रहेको छ । त्यसै गरी क्षेत्रीहरु ३८३२० मध्ये पुरुष १९३९० र महिला १८९२० रहेको छ । लिम्बु जातीको कुल जनसंख्या ४०५२४ मध्ये पुरुष २०१४४ र महिला २०३८० रहेको पाइन्छ । यसै गरी तामाङ्गहरुको जम्मा जनसंख्या १९३०२ रहेकोमा पुरुष ९७४८ र महिला ९५५४ रहेको छ । यसै गरी इलाम जिल्लामा मगर जातीको कुल जनसंख्या १४४९६ रहेको छ जसमा पुरुष ७२५४ र महिला ७२४२ रहेको छ । यस्तै गरी गुरुङ्ग जातिको कुल जनसंख्या ८९६२ मध्ये पुरुष ४४९८ र महिला ४४६४ रहेको पाइन्छ । (स्रोतः **जनगणना, २०५८**)

यी माथि उल्लेख गरिएका विभिन्न जनजातीहरुको आ–आफ्नै भाषा, धर्म, संस्कृति तथा परम्पराहरु रहेको छ । यिनीहरु सबै मिलेर एक आपसमा बसोबास गरिरेका छन् । बहुभाषिक, बहुसांस्कृतिक तथा विविध धर्म तथा आफ्नै मौलिक परम्परालाई अँगालेर समाजमा मिलेर बसेका यी सबै जातजातीहरुको पनि हिजो भन्दा आजका दिनमा आर्थिक सामाजिक, सांस्कृतिक तथा राजनैतिक र शैक्षिक स्तरमा पनि विकास र उत्थान हुदै गइरेको पाइन्छ । सबै जातजाती हरुले आफ्ना आफ्ना परम्परा र संस्कृतिले दिएका मौलिक चाडपर्व, पर्व जात्रा, आदि रमाइलो गरी मनाउदै आइरहेको पाइन्छ । विशेष गरी नेवार जातीका मानिसहरुको यी माथि उल्लेखित सबै जातजातीका मानिसहरुसँग राम्रो आर्थिक तथा सामाजिक सम्बन्ध रहेको छ । यी जातजातिका महिलाहरुको पनि नेवार जातिका महिलाहरुको जस्तै सम्पूर्ण क्षेत्रमा अग्रसरता रहदै आएको पाइन्छ । तर पनि पुरुषको तुलनामा महिलाहरु अलि पछि परेका छन् ।

यसबाट के प्रष्ट हुन्छ भने  इलाम जिल्लामा बसोबास गर्ने सम्पूर्ण जनजाती समुदायहरु एकआपसमा मिलेर बसेको पाइन्छ ।

# परिच्छेद : तिन

## ३.१ अनुसन्धान ढाँचा

यस नेवार जातीको अध्ययन र अनुसन्धान गर्दा वर्णात्मक ढाँचामा आधारित रहेर गरिएको छ । विभिन्न चेकलिष्टको सहायताले नेवार समुदाय भित्रका विभिन्न गन्यमान्य व्यक्ति, राजनितिकर्मी, स्थानीय शिक्षक शिक्षिका, स्थानीय बुद्धिजिवीहरुलाई नेवार जातीको उत्पत्ति र विकासको बारेमा ज्ञान राख्ने व्यक्तिहरुसँग छलफल र अर्न्तवार्ता गरी अन्वेषनात्मक ढाँचासँग सम्बन्धित रहेर समस्यालाई अन्वेषण र पहिचान गरी समाधानको उपाय खोजी गरिएको छ । अध्ययन र अनुसन्धानको अवधिमा प्रयोग गरिएको प्रश्नावली, अर्न्तवार्ताबाट प्राप्त गरिएको गुणात्मक र परिणात्मक तथ्याङ्क नेवार जातीको सामान्य परिचय, जानकारी, उत्पत्ति, अवस्था र जीवनस्तर तथा उनीहरुको सामाजिक, आर्थिक, साँस्कृतिक अवस्था र घटनालाई वर्णनात्मक ढाँचाबाट वर्णन गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्रको छनौट

यस अध्ययन क्षेत्र नेपालको पूर्वी पहाडी जिल्ला इलामलाई छनौट गरिएको छ । इलाम जिल्लाको इलाम बजारक्षेत्र, पिपलबोटे, सिङ्गफिरिङ, बालनगाँउ, गरी नगरपालिका क्षेत्र भित्रका ४ ठाउँलाई छनौट गरिएको छ । यस ठाँउमा रहेर नेवार महिलाहरुको आर्थिक, सामाजिक र शैक्षिक क्षेत्रको अवस्थाको बारेमा अध्ययन तथा अनुसन्धान गरिने छ । साथै नेवार जातीको विषयमा सत्यतथ्य, जनसंख्या विवरण, शैक्षिक, आर्थिक र जीवनस्तरमा भएका नयाँ परिवर्तनहरुलाई समय सापेक्ष अध्ययन र जानकारी लिन यस क्षेत्रलाई छनौट गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस नेवार जातीको अध्ययन र अनुसन्धान गर्दा गुणात्मक र संख्यात्मक प्रकृतिको तथ्याङ्क प्रयोग गरिएको छ । तथ्याङ्कको स्रोतको रुपमा प्राथमिक र द्धितिय स्रोतको प्रयोग गरिएको छ ।

## ३.४ नमुना छनौट विधि तथा समग्र र नमुना छनौट

यस अध्ययनमा इलाम नगरपालिकामा बसोबास गर्ने नेवार जाती र अन्य जातिको समग्र घरधुरी संख्याको २० प्रतिशत घरधुरी संख्यालाई नमुना छनौटको रुपमा लिइएको छ । नमुना छनौटको रुपमा लिईएको २२ घरधुरी संख्याबाट नेवार जातीको कुल जनसंख्या र

महिला पुरुषको जनसंख्या छुट्याइएको छ । त्यसै गरी अन्य जातीका जनसंख्या पनि छट्याएर महिला पुरुषको तथ्याङ्क निकालिएको र छुट्याइएको छ । जसमा १०० घरधुरी मध्ये २० जनाको घरधुरी संख्यालाई नमुना छनौट गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

यस अध्ययनमा तथ्याङ्क संकलन स्थानीय नेवार तथा अन्य जातीहरुसँग छलफल, अर्न्तवार्ता, अवलोकनबाट लिइएको छ । आवश्यकता अनुसार स्थानीय मुख्य जानकार व्यक्तिहरुसँग चेकलिष्टको माध्यमबाट छलफल, अर्न्तवार्ता पनि गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण र प्रस्तुति

अध्ययन र अनुसन्धानबाट प्राप्त भएको तथ्याङ्कहरुलाई आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरिएको छ । मात्रात्मक तथ्याङ्कहरुलाई तालिकिकरण, प्रतिशतका आदिको आधारमा विश्लेषण गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

अध्ययनको क्षेत्र इलाम जिल्ला इलाम नगरपालिका भित्र रहेका इलाम बजार क्षेत्र, पिपलबोटे, सिङ्गफिरिङ्ग र बालनगाँउमा बसोबास गर्ने नेवार जातीको सामाजिक, साँस्कृतिक, आर्थिक, शैक्षिक र वर्तमान समयमा विकास भएको यातायात, बिजुली, सञ्चार, बजार आदिको कारणले कस्तो परिवर्तनहरु भइरहेको छ त्यस विषयमा मात्र अध्ययन र अनुसन्धान गरिएको छ । यी उल्लेखित नगरपालिकामा बसोबास गर्ने अन्य जातीको बारेमा अध्ययन र अनुसन्धान गरिएको छैन । समय र बजेटको अभावले गर्दा यस अध्ययनको क्षेत्र सानो रहेको छ । साथै मितव्ययिताको विषयमा बढी ध्यान दिईएको छ । यस अध्ययनबाट प्राप्त तथ्याङ्क अरु जिल्लामा बसोबास गर्ने सम्पूर्ण नेवार जातीको सामाजिक, आर्थिक, साँस्कृतिक पक्षमा तुलना गरी व्याख्या र विश्लेषण गर्न उपयुक्त नहुने हुँदा यो अध्ययनबाट प्राप्त निष्कर्षलाई इलाम जिल्लामा बसोबास गर्ने नेवार जातीको लागि मात्र अनुकुल हुने देखिन्छ ।

# परिच्छेद चार

## तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण

### ४.१ अध्ययन क्षेत्रको परिचय

<u>इलामको उत्पत्ति</u>

चारखोला नामले चिनिने इलाम जिल्लाको उत्पत्ति लाप्चा र लिम्बु भाषाबाट भएको पाइन्छ । लिम्बु भाषामा इ को अर्थ पुत्का (एक किसिमको माहुरी) र लामको अर्थ बसेको ठाउँ भन्ने हुन्छ । माई पूर्वको विभिन्न गाउँहरुको जंगलहरुमा अझै पनि पुत्काको मह पाइन्छ । त्यसैगरी इलामको नामाकरणको सम्बन्धमा रहेको अर्को लोकोत्ति अनुसार इलाम शब्दको अप्रभंश भएर इलाम हुन  गएको हो भन्ने लोकोक्ति पनि लिम्बु र लाप्चा जातिमा रहेको पाइन्छ । (कार्की, २०५८)

इलामलाई चारखोला किन भनियो भने यस जिल्लाको वरीपरी चारवटा खोलाहरु छन् । जसमा माईखोला, भीरखोला, पुवाखोला र जोगमाई खोलाले घेरेको हुनाले इलामलाई चारखोला पनि भनिन्थ्यो ।

इलाममा पौराणिक कालमा इलाम नामकी पौराणिक महारानीले मण्डित गरेको हुनाले यहाँको नाम इलाम रहन गएको भन्ने पनि केही विद्धानहरुको भनाई रहेकाले यो खोजको विषय छ । (कार्की, २०५८)

### ४.१.१ भौगोलिक स्थिति

नेपालको पूर्वाञ्चल विकास क्षेत्रको मेची अञ्चलमा पर्ने चार जिल्ला मध्ये इलाम पूर्वी सिमानामा अवस्थित एउटा पहाडी जिल्ला हो । महाभारत श्रृङ्खलाको दक्षिण र सिहँलीलाको काखमा रहेको यस जिल्लाको भू–भागलाई अग्लो, होचो डाँडाकाँडा , साना ठूला बन जंगल, खोलानालाहरुले समेटेर राखेका छन् । हरियाली बोकेर बसेको यस जिल्लाको प्राकृतिक सौन्दर्य अति रमाईलो छ । पर्यावरण चोखो छ । वातावरण अनुकुल छ ।

इलाम जिल्लाको निरपेक्षित स्थितिमा २६.४० देखी २७.८ डिग्री सम्म उत्तरी अक्षाशंमा र ८७.४० देखि ८८.१० डिग्री सम्म भूमध्य रेखाको पूर्व देशान्तरमा सापेक्षित

स्थिमा इलामको उत्तरमा पाँचथर पश्चिममा मोरङ्ग  धनकुटा दक्षिणमा झापा र पूर्वमा भारतको पश्चिम बंगालको दार्जिलिङ्ग जिल्ला पर्दछ । कुल क्षेत्रफल १७०३ वर्ग माईल भएको यो जिल्ला झण्डै फर्सिको पात जस्तो आकारमा रहेको छ । समुद्र सतहबाट २५० मिटर देखि ३७०० मिटर सम्मको उचाईमा यहाँ सुगम र सरल पहाडहरु रहेका छन् । दक्षिण भेगमा भने भित्री मधेश, खोच र बेसीहरु पर्दछन् । (कार्की, २०५८)

**हावापानी**

यहाँको भौगोलिक विविधता अनुसार हावापानीमा पहाडी भाग तर्फ समशितोष्ण र बेसी भागमा प्राय उष्ण मनसुनी हावापानी रहेको छ । जिल्लाको भौगोलिक कारणको अवस्थाले उतर पूर्वी क्षेत्रमा बढी पानी पर्ने गरेको पाइन्छ । जिल्लाको औसत अधिकतमतापक्रम ३१ डि.से. र औषत न्यूनतम तापक्रम १२ डि.से. हुन्छ । यस जिल्लाको बार्षिक वर्ष १३२९७ मि.लि सम्म हुने गरेको पाइएको छ । (कार्की, २०५८)

## ४.१.३ प्रमुख खोलाहरु तथा पोखरी

यस जिल्लामा मुख्य ४ खोलाहरु बगेका छन् । तिनीहरुलाई कन्काई माई, जोगमाई, पुवामाई र देउमाई नामले पुकारिन्छ । मेची खोला र सिद्धिखोला बाहेक सबै खोलाहरु क्रमशः माईमा मिसिएका छन् । यहाँ यिनै मुख्य चार खोलाहरु भएकोले इलामलाई चारखोला पनि भन्ने गरिन्थ्यो । हाल पनि बुढापाका यसै नामले पुकार्छन ।

माईपोखरी इलाम जिल्लाको महत्वपूर्ण पोखरी हो । इलाम बजारबाट १२ कि.मी उत्तरमा रहेको यो पोखरी ६००० फिट उचाईमा अवस्थित छ । १८८ हेक्टर जमीनमा फैलिएको ८७५० मिटर व्यास भएको तथा जल मग्न ९ कुना रहेको यो पोखरीको गहिराई ३ मिटर देखि ८ मिटरसम्म रहेको छ । पोखरीमा राता सेता छिरविरे रँगीविरङ्गी माछाहरु प्रशस्त मात्रामा रहेका छन् । यो पोखरी शिव पार्वतीको क्रिडास्थलको रुपमा रहेको किँवदन्ती पाइन्छ । यहाँ कार्तिक एकादशीको दिन मेला लाग्ने गर्दछ । सो मेलामा टाढा टाढाबाट भक्तजनहरु आउने गर्दछन भने धार्मिक तथा पर्यटकीय दृष्टिकोणले समेत महत्वपूर्ण मानिन्छ ।(कार्की, २०५८)

### ४.१.४ कृषि

यस जिल्लाको कुल क्षेत्रफल ९९,६१४ हेक्टर मध्ये खेती योग्य जमिन जम्मा ५७,१०९ हेक्टर छ । जसमध्ये हाल १२,१३९ हेक्टरमा ग्रामिण सिचाई सुविधा रहेको छ । अन्य जमिनमा पाखो बन जंगल पर्दछन् । यहाँका सानातिना खोला खोल्सीबाट प्रशस्त सिंचाईका लागि कुलाहरु चलाएका छन् । यहाँको प्रमुख पेशा कृषि रहेको छ भने १० वर्ष वा सो भन्दा माथिको आर्थिक दृष्टिले सक्रिय जनसंख्या जम्मा प्रतिशतमा ५७.१४ रहेको छ । महिला प्रतिशत ४९.७७ र पुरुष ६४.४१ प्रतिशत रहेका छन् । (केन्द्रिय तथ्याङ्क विभाग, २०६१)

### ४.१.५ पर्यटकीय स्थलहरु

**क) सन्दकपुर**

समुद्री सतहदेखि १२०७२ फिटको उचाईमा रहेको सन्दकपुर (साधु, सन्त महन्त जम्मा भएर बस्ने ठाउँ ) डाँडा पवित्र माईको उदगम स्थल हो । कञ्चनजँघा कुम्भकर्ण लगायतका हिमश्रृङ्खलाहरुको साथै भारतको दार्जिलिङ्ग, सिक्किम तथा भुटान र हिमाल मेधशका साथै अनेकौ नदीनाला र बनजंगलको दृश्य यहाँबाट हेर्न सकिन्छ । यहाँबाट कार्तिक मंसिर महिनामा सुर्योदय तथा सुर्यास्तको विचित्र दृश्य देख्न सकिन्छ । (कार्की, २०५८)

**ख) धिन्तापु**

यो इलाम जिल्लाको सन्तकपुर पछिको दोस्रो अग्लो डाँडा हो । यो समुद्री सतहबाट करीब ११००० (एघार हजार ) फिटको उचाइमा रहेको छ । यो डाँडामा चट्टानी पहारा ओढारहरु रहेका छन् ।(कार्की, २०५८)

**ग) सिद्धिथुम्का**

इलाम बजारदेखि पश्चिममा रहेको यो सिद्धिथुम्का डाँडा माथि टावर जस्तो एउटा विशाल अग्लो ढुङ्गा रहेको छ । त्यहाँ चढेर हेर्दा सुर्योदय तथा सुर्यास्तको अत्यन्तै मनमोहक तथा विचित्रको दृश्य देखिन्छ । सुर्योदय हुने बेलामा टावरको रुपमा रहेको त्यो ढुङ्गा वरिपरी भमराहरु आई घुमी भुनभुनाउछन । (कार्की, २०५८)

### ४.१.६ राजनीतिक स्थिति

यस जिल्लामा नयाँ राजनैतिक संरचना पछि ६ वटा गाउँपालिका र चारवटा नगरपालिकाहरु रहेका छन् । जसमध्ये वि.स.२०६८ सालको राष्ट्रिय जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या २,४२, ४३४ रहेको छ । यहाँको घरपरिवार संख्या ६४,५६५ रहेको छ । औषत परिवार सदस्य संख्या ५.१८, जनघनत्व प्रति वर्ग कि.मी २६६ जना रहेको छ । वार्षिक जनसंख्या वृद्धिदर २.१० प्रतिशत रहेको छ । (केन्द्रिय तथ्याङ्क विभाग, २०६१)

### ४.१.७ मुख्य जनजातिहरु

यस जिल्लाको मुख्य जातिहरुमा बाहुन, क्षेत्री, राई, लिम्बु, तामाङ्ग, शेर्पा, मगर, गुरुङ्ग, नेवार, भुजेल, मारवाडी, वर्ग सुनुवार (मुखिया), चहमु लाप्चा, कागते दमाइ, कामी, सार्की, आदि रहेका छन् । यहाँ नेपाली भाषा लिम्बु, राई, मगर, लेप्चा, शेर्पा र तामाङ्ग भाषाहरु पनि बोलिन्छ । जिल्ला बासीहरुका जातियताको आधारमा बाहुन क्षेत्री ६२.९ प्रतिशत, राई २८.१ प्रतिशत, लिम्बु, सुनुवार, मगर, गुरुङ्ग, तामाङ्ग आदि २७ प्रतिशत, नेवार ७ प्रतिशत, दमाई, कामी, सार्की ७ प्रतिशत रहेका छन् । (कार्की, २०५८)

### ४.१.८ धार्मिक स्थलहरु

<u>मुख्य देव देवी स्थलहरु</u>

यहाँको मुख्य देवदेवी स्थलहरुमा माईपोखरी, माईस्थान, नारायणस्थान, सिंहबाहिनी, भगवती, पञ्चकन्या देवी, पाथिभरा, सेतीदेवी, गजुरमुखी, रामकृष्ण मन्दिर, हनुमान मन्दिर आदि पर्दछन ।

## ४.२ इलाम नगरपालिकाको परिचय

इलाम नगरपाकिल इलाम जिल्ला निर्वाचन क्षेत्र नं. ३ र इलाम क्षेत्र नं. १ पहाडी भेगमा पर्दछन भने क्षेत्र नं. २ पनि त्यस्तै अवस्थामा अवस्थित छ । कुल क्षेत्रफलको २७ वर्ग कि.मी मा फैलिएको र शहरी क्षेत्र २७१४ वर्ग कि.मी ओगटेको यस नगरपालिकाको आधार भन्ने नै शहरी क्षेत्र रहेको छ । (स्रोत : स्थलगत भ्रमण, २०७४)

## ४.३ इलाम नगरपालिकाका नेवार जातिको परिचयात्मक विवरण

नेपालमा बहुसंख्यक रहेका जातिहरु मध्ये नेवार जाति पनि एक को । नेवार जातिको काठमाडौं उपत्यकालाई घेरेर रहेको नुवाकोट, रसुवा, धादिङ्ग, काभ्रेपलाञ्चोक, सिन्धुली, सिन्धुपाल्चोक, रामेछाप, मकवानपुर र दोलखा रहेता पनि नेवार जाति मुलुकको चारैतिर थोर बहुत रुपमा फैलिएर रहेका छन । नेवार जाति प्राय गरेर काठमाडौं भक्तपुर, ललितपुरमा बसोबास गर्दछन् । काठमाडौंमा नेवार जातिहरु व्यापार व्यवसाय, लेखापढी, पेशामा बढी संलग्न पाइन्छन् । यी जातिहरुको आफ्नै भाषा, भेषभुषा, रितिरिवाज, धर्म, संस्कृति रहेका छन् । नेवार जाति काडमाडौं, भक्तपुर, ललितपुर बाहेक उपत्यका बाहिर विराटनगर, धरान, राजविराज, इलाम, झापा, पाँचथर, ताप्लेजुङ्ग, भोजपुर आदि ठाउँहरुमा पनि नेवारहरु बसोबास गर्दछन् । इलाम नगरपालिकामा पनि नेवार जातिको बसोबास पाइन्छ । इलाम नगरपालिकामा जम्मा ७७४ घरधुरी संख्या मध्ये नेवार जाति ८४ घर धुरी संख्यामा रहेका छन् । इलाम नगरपालिकाको प्रमुख जात जाति मध्ये नेवार जाति पनि एक हो ।(कार्की, २०५८)

### ४.३.१ नेवार जातिका थरहरु

नेवार समाज मुल रुपमा हिन्दु र बौद्ध दुई सम्प्रदायमा विभाजित छ । हिन्दु नेवारहरुको माथिल्लो जातमा गणना हुने नेवार देउभाजु हो । देउभाजु भित्र राजापाध्य, उपाध्याय पर्दछन् । दोस्रो श्रेणीमा घ थरिया र पाँच थरिया श्रेष्ठहरु आउँछ । घ थरे नेवारको आचार्यमा कर्माचाय, गुरुवाचार्य भूताचार्य, पीठाचार्य, शीवाचार्य पर्दछन् । यीनै पहिलो र दोस्रो श्रेणीको नेवारहरु नै कर्णाटकका राजा नान्यदेवसँग नेपाल प्रवेश गरेको पाइन्छ । घ थरे नेवारहरु मल्ल राजाहरुको सल्लाहकारको रुपमा थिए । त्यसबाट नै घ थरे हुन गएको हो भनिन्छ । घ थरे नेवारहरु भिाजन हुँदै जाँदा ६ भन्दा बढी थरका भएका छन् । १) मल्ल २) थरको जुजु ३) जोशी ४) आचार्य ५) प्रधान ६) अमात्य७) राजभण्डारी ८) मुन्सिकायस्थ आदिघ थरे नेवार कै शाखाको रुपमा निम्न उपथरमा नेवारहरु पर्दछन् :(कार्की, २०५८)

कसजु कैला खउ गोंगज

बासी सैजु, (भरिया) चंखु मास्के ।

पाँच थरिया नेवारको अवधारणा पुरानो होइन । शुद्ध रक्तको नमानिने श्रेष्ठ परिवारको जनगणनालाई जनाउने यो पाँच थरे नेवारमा धेरै उपजातीहरु पर्दछन् । यसमा घ थरिया नेवारहरुले श्रेष्ठ वा सो भन्दा तल्लो तहको स्त्रीबाट जन्माएको सन्ततिहरु समाहित छन् । पाँच थरिया नेवारहरु निम्न उपथरहरुमा विभाजित छन् : (कार्की, २०५८)

| | | | |
|---|---|---|---|
| श्रेष्ठ | भाजु | देयाजु | नायजु |
| साखकर्मी | स्याबजी | घोयला | पाँचबजी |
| भुटी | हाबुमस्या | धौ | हुवाल |
| तेप | धौभनी | सिंह | न्याघोला |
| वर | मुख | मकाह | धेमी |
| श्रेष्ठ | जोशी | चिपी | आचार्य |
| मुहमी | बैध | धिनाजु | चीटघे |
| चंगोल | कोजु | गोपजु | धालाघे |
| बेन्जु | खोजु | बाटाजु | माकाजु |
| हेउजु । | | | |

नेवार जातिको तेस्रो श्रेणीमा पर्ने जातिमा ज्यापु पत्तरी र हले वा ग्वाला हो । ज्याको अर्थ काम र पु को अर्थ नौली धान भन्ने नेवारी भाषाबाट अर्थ लाग्दछ । यो दुई शब्दको संघि भएर एउटा जातिको निर्माण हुन गयो । जसको अर्थ आज किसान भन्ने लाग्दछ । ज्यापू जातिलाई आज महर्जन जातिको नामले पनि पुकारिन्छ । ज्यापूहरु प्राय हिन्दु धर्मावलम्बी नै छन् । आरम्भ त महर्जनहरु पाँच उपथरमा बिभाजित थिए । (कार्की, २०५८)

१) सुवाल　　२) कुमाल　　३) डंगोल
४) ग्वाला (हले)　　५) पिहि वा पाही

**माथिका थरहरु अब निम्न उपथरहरुमा विभाजित छन् ।**

| | | | |
|---|---|---|---|
| कोन्दा | कसिकवा | कवाँ | कुस्मा |
| किसि | केटी | कुम्पाख | कुसी |
| कुसाध्य | कबु | कसुभतु | कुलन्खा |
| मेन्जु | खयरगुली | खत्ती | खाइजु |
| खोतेजा | ख्याजु | खाताख्वा | ख्याजु |
| रुवाजु | खुसु | खायमली | गणेपति |
| गल्लु | ग्वाछा | गोयजु | गैंडा |
| गोठ | गोसाई | धवत | धौँजु |
| ध्याम्बसु | धोधु | डाखुसी | चव |
| चिकबन्ज | चोच्चे | धवाजु | घुस्यावाग |
| घुस्याकी | घुँडा | घुकुछु | जडाली |
| डयादव | जरेजु | जति | झाँग |
| डंगोल | त्यात | खायना | तुइख |
| तुइतुइ | जाकिबन्जा | तोन्जु | तजल |
| तचम्प | खाती | थुयाजु | तुसिवाख्यो |
| थुसा | हुमरु | दन्देख्या | दनेगुल |
| दुगु | धाजु | धौजु | धुखो |
| धौवञ्जा | धिनाजु | घालाघे | व्याइच्याड |
| नागा | नारबन्द | नगरकोटी | दुलाल |

| | | | |
|---|---|---|---|
| देशेमरु | पं | पका | पहरी |
| पच | पुलाकी | प्याज | प्यसिराव |
| पेन्तजो | फपैजु | फोजु | फेल |
| बाताजु | बास्या | वार | बौताकधी |
| बासी | बगथु | बकै | बजिको |
| बखाथो | बमनु | बंशमाली | बसकला |
| बेन्जु | बोध्जु | भेले | मग |
| महर्जन | मनताहा | माजजु | माता |
| मचामसी | मारिख | मुख्याजु | माखस्य |
| मातागुलु | यगोल | याकामी | राजबाहक |
| लधु | लवायनाबसु | लाखा | लवँ |
| लासिवा | लेखेमरु | लिगलिग | सायजु |
| साँढ | सुजरु | सिजख्व | सुकुपायो |
| सिन्ताकले | स्वगमिखा | स्यामा | सुवाल |
| हयाउमिखा | ह्योग | आचार्जु | आगनजा । |

ज्यापुकै एउटै शाखा जसले माटोको भाँडाकुँडा बनाउने काम गर्दछ । तिनीहरुलाई कुमाल भनिन्छ । कुमालहरु पनि निम्न उपथरमा विभाजित छन् ।

| | | | |
|---|---|---|---|
| अवाल(अवाले) | उलक | कत | कर्मी |
| किलम्बु | कुचुमणि | कासुका | कजु |
| खिँचाजु | गोरा | चौगुठी | धवाल |
| जोडने | तमखु | धन्धा | प्रजापति |

| | | | |
|---|---|---|---|
| पोटोमहा | पालुकासी | पालुबञ्जा | फैजू |
| वेन्जु | श्वयधो | महा | मुगुठी |
| राजचल | बथपुथे | लघि | बारी |
| सिखी | सिटेपकार | सैजु | सिकेमणी |
| हामी | लोहोला । | | |

नेवार जातिको हिन्दु सम्प्रदायको चौथो श्रेणीमा पेशेवर जातहरु पर्दछन् । यो पेशेवर जातलाई एक थरिया पनि भनिन्छ । अघि यो पेशेवर जातमा सत्र थरि थियो भनिन्छ । त्यसमा धेरै लोप भएर हाल सात थरीको मात्र रहेको पाइन्छ । जो निम्न प्रकार छन् ।( कार्की, २०५८)

१) गठू (माली),

२) (नाउ) (हजाम) वा नापित

३) खुसा – नाल काट्ने

४) चित्रकार – चित्र बनाउने, रङ्ग पोत्ने

५) धिपा वा चिया वा रञ्जितकार (कपडा लगाउने)

६) मानन्धर वा साहमी वा सायमी (तेल पेल्ने)

७) कौ – फलामको काम गर्ने, कृषि औजार

यिनीहरुको स्तर समान मानिन्छ । यो जाति मध्ये नापित र मानन्धरहरु बौद्धमार्गी भएका ७ कौ फलाम को काम गर्ने कृषी औजार यिनीहरुको स्तर समान मानिन्छ । यो जाति मध्ये नापित र मानन्धरहरु बौद्धमार्गी भएका छन् र गुभाजुलाई पुरोहितको रुपमा प्रयोग गर्दछन् । मानन्धरहरु अत्यन्तै संगठित जातको रुपमा पाइन्छ । यिनीहरुको जातिय परिषद रहन्छ । जसको प्रमुखलाई काजी भनिन्छ । यो परिषद क्षेत्रको आधारबाट उप परिषदहरुमा विभक्त गरिएको हुन्छ। र आफ्नै काजी हुन्छ । कतै कतै काजिको जेठा छोरा

काजी हुने गर्दछ भने कतै प्रौढ व्यक्ति काजी काजि बनाउने चलन छ। सामाजिक र जातीय विवादहरु केन्द्रित मानन्धर परिषदको प्रमुख काजिले निष्पक्ष गर्दछ। (कार्की, २०५८)

नेवार जातीको हिन्दु सामप्रदायकै पाँचौ श्रेणीमा अशुद्ध जातहरु पर्दछन् । यो जातिमा पनि दुई श्रेणी छ । डुईया, बलौमी, संगत, भ, कसाई र कुसुले जातिको हातमा पानी चल्दैन तापनि अक्षुत मानिदैन । छुतछाति मानिन्छ । पोडे, कुलु, च्यामे र हारहारु जातिलाई अक्षुत मानिन्छ । यो जातिले शुद्ध जातिलाई छोएमा पतिया गर्नु पर्दथ्यो । छुट मध्ये पनि डुईया, बनामी र संगत उच्च मानिन्छ। डुईया जातिलाई पुतवार राजपुतवार, डुई डुई पनि भनिन्छ। यो जातिले बोक्ने काम गर्ने हुनाले राजपुतवार भनिएको हो। संग वा सँगत जाति पनि पेशेवर जाति हो । जसको काम कपडा धुने थियो । कुसुलेले विवाह र देवाली व्रतवन्धमा गीत संगीतको आयोजना गरी मनोरञ्जन गराउने कार्य गर्दछ । कसाईलाई हिजो आज खड्गी(खड्ग चलाउने) नामले चिनिन्छ। कतै कतै यो जातिलाई न्या पनि भनिन्छ । कसाईहरु आफूलाई शाही ठकुरी वंशको बताउँछन् । कसाई जाति पनि कसाई र बंगुर कसाई दुई श्रेणीमा विभक्त छन्। बगुर कसाइहरु जनावर काटि मासु बेच्ने गर्दछन्। यिनीहरुलाई अशुद्ध जातिको धारमा राखिएको पाइन्छ। तापनि हातको पानी भने चल्छ । ज्यापु र श्रेष्ठ पछि कसाई जातिको जनसंख्या काठमाडौंमा धेरै पाइन्छ। नेवार जातिको हिन्दु सम्प्रदायमा सबैभन्दा तल्लो र अन्तिम श्रेणीमा पोडे, कुलु, च्यामखल र हारछुर पर्दछ । यिनीहर अक्षुत मानिन्छ र सहरभित्र बस्न प्रतिवन्ध लाइएको हुन्थ्यो । यिनीहरु पनि पेशेवर जात हुन्। पोडेले माछा मार्ने डाली बुन्ने र मृत जनावरको छाला काड्ने काम गर्दथ्यो। कुलु नेवार जातिको सार्की हो। (कार्की, २०५८)

नेवार सम्प्रदायमा उच्च जाति देखि छुतअछुत जातिसम्म रहेको पाइन्छ । उच्च श्रेणीमा गणना हुने देखि तल्लो श्रेणीमा गणना हुने नेवार जाति नेवार समुदायमा सामाजिक, सांस्कृतिक, आर्थिक, धार्मिक, कृत्यहरुमा एक अर्कोसँग परम्परामा गहिरो अर्न्तसम्बन्ध राख्दछन्। बौद्धमार्गी नेवार जमात पनि नेपालमा ठूलै पाइन्छ। बुद्ध धर्मले जातपातको कुरा मान्दैन तापनि नेपालको बौद्धमार्गी तर्फ पनि श्रेणी विभाजन भएको पाइन्छ । सबैभन्दा माथिल्लो श्रेणीमा गुभाजु वा बज्रचार्य र दोस्रोमा वर्ण वा बाँडा पर्दछन्। वर्ण वा बाँडालाई शाक्य पनि भनिन्छ । शाक्य पछि उदासहरु तेस्रो श्रेणीमा गणना हुन्छन् । उदासहरुलाई तमोर वा ताम्राकार नामले पनि पुकारिन्छ। उदास निम्न उपथरमा विभाजन भएको पाइन्छ

१) तुलाधर २) बनिया ३) सुकर्मी ४) मधिकर्मी ५) लोहकर्मी ६) ताम्राकार ७) अवा ८) कंसाकार वा कंस ।

बौद्धमार्गीहरु जातपातको र उचानिचको भेदभाव नमान्ने सम्प्रदाय हुन तापनि नेपालको नेवार समाजमो जयस्थिति मल्लले बाँधेको जाति विभाजनको कोपभाजनले गर्दा बौद्धमार्गी नेवारहरु पनि त्यसबाट अछुतो रहन सकेको पाइदैन । उचानिचा र छुत अछुतको भावनाबाट उन्मुक्त हुन सकेको पाइदैन । यस्तो भावना थेरवादीमा नभएर बज्रयात सम्प्रदायहरुमा पाइन्छ । नेपालको शाक्यहरु आफुलाई थेरवादी र गौतम बुद्धको विशुद्ध बंशज हो भन्ने दावी गर्दछन । यसबाट नेपालमा नेवारहरु बज्रयानी र थेरवादी दुई सम्प्रदायमा विभाजित देखिन्छन ।(कार्की, २०६८)

## ४.३.२ नेवार जातिको परिवार

परिवार समाजको प्रारम्भिक एकाई हो । जसमा कम्तिमा पनि आमा बाबु र तिनका बालबच्चा देखि यो भन्दा बढी संख्यामा अन्य परिवारका सदस्यहरु पनि रहेको हुन्छन् । परिवारमा हरेक सदस्यहरु आफ्नो परिवार प्रति उत्तरदायी वा अधिकारका भागिदार हुने गर्दछन् । सामाजिक तथा व्यक्तिगत दृष्टिकोणले परिवार एउटा मौलिक र आधारभूत एकाई पनि हो । नेवार समाजमा एकात्मक र संयुक्त दुवै परिवार पाइएको छ । कृषि पेशा अँगालेका तथा अन्य आयस्रोत नभएका परिवारहरुमा भने संयुक्त पर्रिवार पाइन्छ । आधुनिकिकरण र सहरीकरणको प्रभावले गर्दा नवयुवा पिढीहरुमा भने एकात्मक परिवार लोकप्रिय बन्दै गएको छ । यस अध्ययनमा परेका २० घरपरिवारहरुमा एकात्मक र संयुक्त दुवै परिवार पाइयो । परिवार संख्या भने ४ देखि १२ जना सम्मको परिवार पाइएको छ । यहाँ औसत परिवार संख्या ८ जना पाइयो । यी नेवार जातिहरु बढी मात्रामा व्यापार व्यवसाय र लेखापढी व्यवसायमा संलग्न भएको पाइएको छ । (कार्की, २०५८)

## ४.३.३ इलाम नगरपालिकाका नेवारहरुले बोल्ने भाषा

ब्राम्हण, क्षेत्री, तामाङ्ग गुरुङ्ग, लिम्बु, राई, मगर सबै जातजातिसँग मिलेर बसेका इलाम नगरपालिकाको नेवारहरु मध्ये बुढापाका पुराना मानिसहरु आफ्नो समुदायमा कुरा गर्दा आफ्नो नेवार मातृभाषा बोल्दछन् । तर आधुनिक नेवार युवा युवतीहरु भने नेवारी मातृभाषा भन्दा नेपाली भाषा नै बोल्न बढी रुचाएको पाइयो । (कार्की, २०५८)

### ४.३.४ घरको बनावट

नेवार समुदायको घरको बनावट हेर्दा धेरै जसो घरहरु आधुनिक ढाँचामा बनेको पाइयो भने केही घरहरु पुरानो मोडेलका ढाँचामा अर्थात परम्परागत रुपमा बनेको पाइयो । सम्पूर्ण घरहरुमा भने घरको अघिल्लो भागमा आँखीझ्याल रहेको पाइयो । सो पुजा कोठामा एकादशी, औंसी, बार, चाडपर्वमा पूजा आजा गरिएको पाइयो । (कार्की, २०५८)

### ४.३.५ खानपान र भाँडाकुँडा

नेपाली समाजमा एक अर्को समुदायमा प्राचीन समय देखि नै खानपानमा विविधता पाइन्छ । अनुकुल खानेकुराको खोजिमा मानिसहरुले कुनै ठाउँमा स्थायी बसोबास गर्दै आएको कुरालाई नकार्न सकिदैंन । नेवार समुदायमा खास खाद्य पदार्थहरुमा परम्परागत रुपमा मकैको भात, दाल, तरकारी तथा माछा र राँगाको मासु नै हुन । नेवार जाति मासु माछा, अण्डा साह्रै नै रुचाएर खान्छन । उनीहरुलाई प्रत्येक छाकमा प्राय मासु चाहिने गर्दछ । पुरानो चलनमा जुनसुकै पर्वमा पनि जाँड, रक्सी, अण्डा, चिउरा खानामा अनिवार्य समावेश गर्दछन् । नेवार जातिमा पाइएसम्म आँटा, मैदा, मकै, गँहू र जौंको पिठो प्रयोग गर्न मन पराउँछन् । सुँगा र बङ्गुरको मासु घर भित्र हुल्दैनन तर कुनै कुनै नेवार जाति तल्लो जातिले यो प्रचलन छोडी सकेको अवस्था छ । यस अध्ययनबाट पनि नेवार जातिहरुको खानपानमा माछा मासु र दाल भात नै खाने समुदाय बढी पाइयो । नेवार जातिमा प्राचिन समयमा सिल्भर, पितल र स्टीलका भाँडाकुँडाहरुलाई प्राथमिकता दिन्थे भने अहिले स्टीलका भाँडाकुँडाहरुको अत्याधिक प्रयोग गर्दछन् । उनीहरु करीब मझौला आकारको स्टीलको गिलास बटुकाहरु प्राय सबै नेवारहरुको घरमा पाइएको छ । (कार्की, २०५८)

### ४.३.६ मनोरञ्जन

नेवार जाति अत्यन्त विनोदी हुन्छन् । गाउँ घरका नेवारहरु हालमा नगपञ्चमीको दिन लाखे जात्रा निकालेर मनोरञ्जन गर्दछन । लाखेजात्रा रोपाईजात्रा उनीहरुको प्रसिद्ध मनोरञ्जन हो । रोपाईजात्रामा केटाहरुलाई केटी बनाएर लाइनबद्ध लागेर पन्चेबाजा बजाएर नचाउने गर्दछन । बेलुखीपख सम्म यो नाच नचाइने गरिन्छ । यो रोपाईजात्रामा घर घरसम्म बाटो आगनमा नचाएर रुपैया पैसा संकलन गरिन्छ । हरेक वर्षको भाद्र महिनामा

लाखे जात्रा र रोपाइ जात्रा देखाउने नेवार समाजमा संस्कृतिनै रहेको छ । कृष्ण अष्टमीको दिन लाखेजात्रा र रोपाई जात्रा समाप्त गरिन्छ । भनाइको अर्थ लाखे जात्रा कृष्ण अष्टमीको दिन सकिन्छ । किनभने नेवारी समाजमा लाखे भनेको भुतले मामा हुन  किवदन्ती अनुसार कृष्ण रातको १२ बजे जन्मेर कंश राक्षस (मामा) लाई कृष्ण भगवानले बध अर्थात समाप्त गर्नुहुन्छ भन्ने धार्मिक विश्वास नेवारी समाजमा रही आएको छ । कृष्ण भगवान जन्मे पछि भोलिपल्ट विहान भगवान कृष्णको रथ घुमाइन्छ  र रोपाईजात्रा समाप्त गरिन्छ । भनाईको अर्थ लाखे जात्रा कृष्ण अष्टमीका दिन सकिन्छ । किवदन्ती अनुसार कृष्णरातको १२ बजे जन्मेर कंश राक्षस (मामा)लाई कृष्ण भगवानले बध अर्थात समाप्त गर्नुहुन्छ भन्ने धार्मिक विश्वास नेवारी समाजमा रहि आएको छ । कृष्ण भगवान जन्मेपछि भोलीपल्ट विहान भगवान कृष्णको रथ घुमाइन्छ । बाजागाजा सहित त्यसपछि टोल टोलमा बाटाघाटामा आँगनमा भगवान कृष्णको जयजयकार पुजा आजा गरिन्छ । (कार्की, २०५८)

## ४.३.७ विवाह

विवाहलाई सामाजिक संगठनको एक महत्वपूर्ण एकाइ मानिन्छ । नेवारहरुमा विवाह अनिवार्य सामाजिक कार्य हो । केटीहरुको इही र वाहा पूजा पछि मात्र विवाह हुन्छ । इलाम नगरपालिकामा २०–२५वर्ष भित्र ५०.९६ प्रतिशत विवाह भएका छन् । तिनीहरु आर्थिक सामाजिक कारणले नजिक विवाह गर्दछन् । आफ्नो रगत नाता भित्र विवाह गर्ने चलन छैन् । नेवारहरुमा परम्परागत प्रचलन अनुसार लमीका माध्यमबाट केटापक्षबाट सर्वप्रथम मञ्जुरी भएपछि केटीको घरमा गएर विवाहको टुङ्गो लगाइन्छ । विवाहको टुङ्गो लागेपछि केटा पक्षकाबाट नेवारी मिठाई लाखामरी उसका नातेदारहरुकोमा बाँडिन्छ । यो प्रथाले सामाजिक सम्बन्ध गाढा बनाउने र विवाह बारेमा जानकारी दिने गर्दछ । आफ्ना नातेदारहरुलाई विवाहका बारेमा यसरी लाखामरी बाड्दा ती नाताको तह अनुसार लाखामरीको मात्रा बाँड्ने प्रचलन रहेको छ । लाखामरी दुलाहरुको आमा र बाबुका दाजुभाइलाई र दिदी बहिनीहरुलाई सिङ्गो बाँड्ने प्रचलन रहेको छ भने आमा बुबाका प्राथमिक तहका नातालाई त्यसको आधा र द्धितिय तहका अन्य नातालाई लाखामरीको एक चौथाई बाँड्ने प्रचलन रहेको छ । यसरी नेवार जातिमा रहेको लाखामरी बाड्ने प्रचलनले एकातिर सामाजिक सम्बन्धको तहलाई संकेत गरेको छ भने अर्कातिर यो तहलाई संकेत गरेको छ भने अर्कातिर यो प्रक्रियाले समुदायमा सामाजिक एकतालाई बलियो बनाएको देखिन्छ । लेखक नेपालीका अनुसार लाखामरीको सट्टामा पैसाका माध्यमबाट आफन्तलाई सम्झिने प्रचलन पनि विस्तार विकास

हुँदैछ । यसैगरी छोरी दिएर बुहारी ल्याउने विवाहमा भने लाखामरीको आदानप्रदान गर्नु नपर्नेमा प्रचलन रहेको छ । नेवार समुदायमा यस प्रकारको लाखामरी निम्न अनुसारका नाताहरुमा बाँड्ने गरिन्छ ।

१. आफूलाई संलग्न गुठीका सदस्यहरु

२. आमा । बाबु पटिका परिवारका सदस्यहरु

३. दाजुभाईका परिवारहरु

४. काका भतिजाका परिवारहरु

५. भाई बुहारी तथा दाजुभाउजुका परिवारहरु

६. मावली परिवारहरु

७. विवाहित दिदीबहिनीका परिवारहरु

यस प्रकारको आदानप्रदानले सामुदायिक तथा पारिवारिक एवं नातागोता सम्बन्ध प्रगाढ हुन गई आपसी र विश्वासको अभिवृद्धि हुने गर्दछ । यसलाई लेखकले प्रकार्यात्मक सम्बन्ध मान्दछन् । जसले समाजलाई एकीकरण गर्दछ । विवाहको अघिल्लो दिन दुलाहाले दुलहीकोमा लमी र बाँडाको हातमा लगाउने बाला पठाउँछन् । यसले नेवार समाजमा बेहुलीको रक्षा गर्नको साथै बैवाहिक प्रक्रियालाई ठोस रुप दिन सहयोग गर्दछ । विवाहको दिन केटा पटिबाट नआउञ्जेल दुलहीलाई आफन्तहरुले सगुन बाँड्ने प्रचलन छ । केटा पक्षका पुगेपछि पुजाका साथै स्वागत गरी केटाकेटीलाई दाना तथा सगुन खुवाइन्छ । केटाकेटीलाई होम गर्न लगाइन्छ । अन्तमा आपसमा नाता चिनाउने कार्य गरिन्छ र यथासक्य दाइजो सहित दुलहीलाई विदाई गर्ने प्रचलन रहेको छ । (कार्की, २०५८)

नेवारी विवाहहरुमा केटा र केटी पट्टिकोमा भोज भतेर आयोजना गरिन्छ । दुलहीलाई आफन्तहरुले विभिन्न प्रकारका उपहार ल्याउने गर्दछन् । यस बीचमा शुभकामना आदानप्रदान गरिन्छ । यस प्रकारका कार्यले नेवारी समुदायकाहरु बीचको आपसी सद्भाव र विश्वासलाई व्यवहारमा उतार्दछ । यसले व्यक्तिको व्यक्तिगत आवश्यक्ता मात्र पुरा नगरी सामाजिक आवश्यकता पुरा गर्न पनि टेवा पुऱ्याउछ । यसैले जी एस. नेपालीका अनुसार यस्ता कार्य र सँसकारको सामाजिक , साँस्कृतिक महत्व रहने गर्दछ । (कार्की, २०५८)

## ४.३.८ नातेदारी

नेवारी समुदायमा रहेको नातागत सम्बन्धको ढाँचा तथा नातागत शब्दावली यसप्रकार रहेको छ ।

तापा – आजि बाडया (बाजे बज्यैका आमाबाबु)

आजि बाज्या – (बाजे बज्यै)

मा अबु – आमा बाबु

थः आफ, काय म्हामाय – छोराछोरी

कला भाटा – श्रीमती श्रीमान

कीजा आरा – सान्दाई ठूल्दाई

कचेन – सानी बहिनी

धथ् – नाति नातिना

म्घी – पनाति

उई – खनाति तिरिबा (ठूलाबा)

हिरीबा – सानाबा

किजा – भाई

नेवारी समाजमा कायम भएको नातागत सम्बन्धमा आफूभन्दा मान्यलाई आदर गर्ने प्रचलन छ । नाता सम्बोधनका क्रममा केटा पक्षकाबाट उसका ससुराली तिरका नाता सम्बन्धको सम्बोधन गर्ा सस् उपसर्ग लगाई सम्बोधन गर्ने गरिन्छ । जस्तो की सस्मा भनेको सासु र ससअबु भनेमा ससुरा भन्ने बुझिन्छ । यसैगरी केटी अर्थात श्रीमतीले घरतिरका (लोग्ने तिरका) नाताहरु जोडेर सम्बोधन गर्दा नातका पछाडि जु उपसर्ग जोडेर सम्बोधन गरिन्छ । जस्तो की माजु भनेमा बज्यै अर्थात केटाको आमालाई केटीले सम्बोधन गर्ने । नेवारी परिवारमा तथा समुदायमा जेष्ठ पुरुष र महिलालाई सम्मान दिदै तिनलाई थकाली अर्थात प्रमुख व्यक्तिका रुपमा व्यवहार गर्ने प्रचलन कायम छ। लेखक नेपालीका अनुसार नेवारी समुदायका विभिन्न संस्कारहरुमा फुपुको उपस्थितिमा अनिवार्य मानिन्छ । सालीसँग ठट्यौली सम्बन्ध रहन्छ भने दिदी सासुलाई निकै आदर सम्मान गरिन्छ ।

(कार्की, २०५८)

## ४.४ परिवारमा महिलाको स्थान

नेवार जातिको परिवारमा महिलाको स्थानलाई हेर्दा अन्य आर्य जातिका महिलाहरुको भन्दा फरक पाइन्छ । नेवार परिवारमा महिलाहरुलाई इज्जत, मान सम्मानको दृष्टिकोणबाट हेरिन्छ । सामाजिक तथा साँस्कृतिक कार्यहरुमा नेवार महिलाहरुको भूमिका खुल्ला र स्वतन्त्र पाइन्छ । नेवारनीहरु दाजूभाईको थर बाहेक अन्य थरका मानिसहरुसँग आफ्नै लोग्नेको अगाडि हाँसखेल गर्नुलाई सामान्य मानिन्छ । यस समाजमा विवाह गर्दा महिलाको मन्जुरि लिनु केटी पक्षलाई केटापक्षबाट धेरै कोसेलीहरु दिनु, विवाहमा महिलाहरु जन्ति जानु, मानिस मर्दा महिलाहरु पनि मलामी जाने जस्ता तथ्यहरुले पनि महिलाहरुको स्थान राम्रै भएको संकेत मान्न सकिन्छ । विवाह गर्दा बढी उमेरकी केटी र कम उमेरको केटासँग पनि विवाह गर्ने चलन रहेको हुनाले पनि लोग्नेको दायित्व समेत आफैले धान्नु पर्ने हुनाले र घरको दायित्वमा महिलाको भूमिका बढी हुने भएकोले पनि यस जातिमा सामाजिक नियन्त्रण कम रहेको पाइन्छ । यस जातिमा आर्थिक दायित्व एवँ अधिकारमा महिलाहरुको दोहोरो अधिकार रहेको पाइन्छ । घरको सम्पत्तिमा महिलाहरुको कानुनी अधिकार सुनिश्चित भएको पाइन्छ भने माइतीबाट ल्याएको दाइजोमा पनि पूर्ण अधिकार कायम भएको पाइन्छ । विवाह पछि कुनै कारणबाट सम्बन्ध विच्छेद हुन गएमा माइतीबाट ल्याएको दाइजो वा केटीको नाममा जति सम्पत्ति छ सो सम्पति सबै माइती मार्फत महिलालाई फिर्ता गर्नुपर्दछ । यसरी हेर्दा लोग्नेको तर्फबाट प्राप्त अंश र माइतिको दाइजोमा एकलौटी अधिकार हुने हुनाले यस जातिमा आर्थिक दायित्व एवं अधिकारमा महिलाहरुको दोहोरो अधिकार रहेको पाइन्छ । घरको सम्पत्तिमा महिलाको कानुनी अधिकार सुनिश्चित भएको पाइन्छ भने माइतिबाट ल्याएको दाइजोमा पनि पूर्ण अधिकार कायम भएको पाइन्छ । यसरी हेर्दा लोग्नेको तर्फबाट प्राप्त अंश र माइतिको दाइजोमा एकलौटी अधिकार हुने हुनाले आर्थिक रुपमा नेवार महिलाहरु धेरै आत्मनिर्भर रहेको पाइन्छ । सम्पतिमा दोहोरो अधिकार कायम भएको कारण घरायसी निर्णय प्रक्रियामा महिलाहरुको निर्णायक भूमिका रहेको पाइन्छ । तर आर्थिक क्रियाकलापको परिचालनमा भने अन्तिम निर्णय गर्ने अधिकार पुरुषमा नै रहेको छ ।

नेवार जातिमा घर ज्वाँई राख्ने प्रचलन पनि छ । सामान्यतया छोरी मात्र भए घर ज्वाँई राख्ने गरिन्छ । घर ज्वाँई बसेपनि ससुरालीको सम्पतिमा भने श्रीमती कै अधिकार रहन्छ । घर ज्वाँई बस्ने मानिसले अर्को विवाह गरेमा श्रीमतीको सम्पति माथि दावी गर्न पाउँदैन । तर पहिलाकी श्रीमतीबाट छोराछोरी नभएमा श्रीमतीको सहमतिमा र श्रीमतिको

मृत्यु भएमा सासु ससुराको सहमतिमा अर्को विवाह गर्न पाउँछ। नेवार जाति हिन्दु बौद्ध नश्ल भएकोले मासिक धर्म बार्ने प्रचलन रहेको पाइन्छ । रजश्वला हुँदा नेवार महिलाहरुलाई घरभित्र र बाहिर सबै कार्य गर्न सामाजिक तथा साँस्कृतिक रुपमा बन्देज छ । अर्थात बन्देज हुन्छ। पूजा पाठहरुमा पनि रजश्वला भएको महिलाहरुले छुनु हुदैन भन्ने मान्यता पाइन्छ । (कार्की, २०५८)

## ४.५ नेवार महिलाहरुको सामाजिक संरचना

मानव समाजलाई चिनाउने आधार नै उसले निर्माण गरेको समाज र संस्कृति नै हो । संस्कृतिको निर्माण संर्वद्धन र पालना व्यवहार र अभ्यासले मानव सभ्यताको विकास हुदै आएको पाइन्छ । संस्कृति वास्तवमा मानवीय आवश्यकताहरुको उपज हो । जसलाई प्राप्त गर्नका लागि वरिपरीको वातावरणसँग संघर्ष हुन्छ । मानवशास्त्री एड्वार्ड टेलरको भनाइलाई लिने हो भने संस्कृति त्यो जटिल समग्रता हो जसमा मानिसले समाजको सदस्यको हैसियतले प्राप्त गरेको ज्ञान, विश्वास, कला, आचरण, नियम, प्रथा, परम्परा, चालचलन र अन्य क्षमताहरु सम्मिलित हुन्छन् । समूहमा बस्न बढी रुचाउने नेवारहरुमा भने आधुनिकताको प्रभाव पर्दै गएको पाइन्छ । मिलनसार स्वभावका नेवारहरु समाजमा अन्य जातिसँग घुलमिल भई जीवन यापन गर्न बढी रुचाउँछन । भगवान बुद्धका अनुनायीहरु नेवारहरु भएको हुनाले बुद्ध पञ्चशीलका सिद्धान्तको प्रभावले पारिवारिक वा आपसी झैझगडा कम हुने र भै हाले पनि गाउँघरमा नै पञ्च भद्रभलादमी राखी आपसी छलफलद्धारा नै समाधान गर्ने गर्दछन् । आपसी विवादमा सकेसम्म पुलिस वा न्यायिक प्रशासनमा जान नपरे हुन्थ्यो भन्ने सोचाई उनीहरुमा पाइन्छ । (कार्की, २०५८)

### ४.५.१ नेवार जातिको धर्म

धेरै जसो नेवार महिलाहरुको बौद्धधर्म र हिन्दु धर्मलाई मान्दछन् । केही केहीले इसाई धर्मलाई पनि मान्दै आएको पाइन्छ तर पूर्ण रुपमा बौद्ध संस्कार र संस्कृतिलाई भने छोडेका छैनन् । बौद्ध धर्म मान्नेहरु भगवान बुद्धलाई मान्ने गर्दछन । साथै उत्पति कालदेखि मानिदै आएको भगवान शिव र महेश्वरलाई सृष्टि देवता भनि पूजा आजा गर्दै आएका छन् । इसाई धर्म मान्नेहरुले चाहिँ जिशस क्राइस्टलाई मुख्य देवताको रुपमा मान्दछन । (कार्की, २०५८)

### ४.५.२ विवाह संस्कार

नेवारहरुमा विवाह अनिवार्य सामाजिक कार्य हो । केटीहरुको इही र वाहा पूजा पछि मात्र विवाह हुन्छ । मिति २०६९ साल र २०७० साल भित्र अर्थात १५, २० वर्ष भित्र ५०.९६ प्रतिशत विवाह भएको छन । तिनीहरु आर्थिक, सामाजिक कारणले नजिक विवाह गर्दछन् । आफ्नो रगत नाता भित्र विवाह गर्ने चलन छैन् । नेवारहरुमा परम्परागत प्रचलन अनुसार लमीका माध्यमबाट केटापक्षबाट सर्वप्रथम मञ्जुरी भएपछि केटीको घरमा गएर विवाहको टुङ्गो लगाइन्छ । विवाहको टुङ्गो लागेपछि केटा पक्षकाबाट नेवारी मिठाई लाखामरी उसका नातेदारहरुकोमा बाँडिन्छ । यो प्रथाले सामाजिक सम्बन्ध गाढा बनाउने र विवाह बारेमा जानकारी दिने गर्दछ । (कार्की, २०५८)

### ४.५.३ जन्म संस्कार

बच्चा जन्मदा गर्नुपर्ने कार्यले जातिगत समुहहरु वीच एकता कायम गरेको देखाउँछ । आफन्तहरु सुत्केरी बार्दछन् । जसमा हिन्दु नेवारहरुले दशैं दिन र बौद्ध नेवारहरुले चौथो वा छैठौं दिनका दिन बच्चाको न्वारान गर्दछन् र बच्चा जन्मिए पछि हजाम तथा ज्यापुहरुको संलग्नतामा नाल काट्ने र चोख्याउने कार्य गरिन्छ । नव जन्मको स्वास्थ्यको कामना गरिन्छ नव जन्मको स्वास्थ्यको कामना गरिन्छ । विशेषत पास्नीका दिनमा बच्चाको नामाकरण गर्ने प्रचलन छ । जुन छोरी  भए पाँच वा सात र छोरा भए छ वा आठ महिनामा पास्नी गरिन्छ । जसलाई नेवारीमा जँको भनिन्छ । नेवारी समाजमा छोरी यौवन अवस्थामा पुग्नु अगावै कतिपय अवस्थामा १० वर्ष अगावै बेल विवाह गर्ने प्रचलन छ । यसलाई इही (Yihee) भनिन्छ । सामुहिक रुपमा कन्याहरुको बेललाई साच्ची राखी विधिपूर्वक बेल विवाह गरिन्छ । यस पछि विवाह गरेको लोग्नेको मृत्यु भएमा त्यस स्त्री विधवा हुँदैनन भन्ने मान्यता छ । रजश्वला हुनु अगावै केटीहरुलाई कतिपय अवस्थामा सामुहिक रुपमा र एक्लै पनि ११ दिन सम्म सुर्यको मुख नदेख्ने गरी गुफामा राखिन्छ । यसलाई बाह्रा सामाजिक कार्य ( Barana Ceremony)भनिन्छ । गुफा बसेपछि केटीहरुमा बयस्कका दिनहरु आएको मानिन्छ । बाह्रौ दिनमा शुद्धिकरण गरी केटीलाई बाहिर निकालिन्छ  र सुर्यको मुख हेरी सुर्यसग विवाह गरिन्छ । यसलाई उनीहरु मिसीए गुरितुवल (Misiyae Guritual)भन्दछन् । यो संस्कार नेवारी महिलामा अनिवार्य मानिन्छ । यो नेवारी समुदायमा ७७ वर्ष सात महिना सात दिन, ८४ वर्ष चार महिना, चार दिन र

अन्तमा ९९ वर्ष ९ महिना, ९ दिन सागा (Saga)उत्सव सम्पन्न गर्ने प्रचलन छ । यसलाई भिमर थारोहण भनिन्छ । यी विभिन्न संस्कार र प्रचलन बीच रहने प्रकार्यात्मक सम्बन्ध हो । नेपाली समाजका कुनै पनि परिवारमा वाम दम्पतीमा बाँझोपनाका कारण बाल बच्चाको जन्म हुन सकेन भने त्यसलाई सामाजिक, सांस्कृतिक, आधारमा टिकाटिप्पणी गरिन्छ । यसैले विभिन्न पर्व र उपासनाका माध्यमबाट सन्तान प्राप्तिको कामना पनि गरिन्छ । यसैगरी गर्भवती भएकी महिलाले शक्तिका स्वरुपहरु भैरव, गणेश, लगायतका मन्दिरहरुका छुन नुहने जन विश्वास रहेको छ । नेवारहरु समुदायका केटाहरुमा लक्षित गरेर केही संस्कारहरु मनाइने गरेको पाइन्छ । केटाहरुमा पाँच देखि साधारण तया पन्ध्रवर्ष भित्र कयता पूजा गरिन्छ । जुन उनीहरुको व्रतबन्ध हो । यस संस्कार गर्दा विधिपूर्वक केटालाई चोखो पार्ने, मण्डपको निर्माण गरी देवी देवताको प्रतिस्थापन गरिने र शिक्षा तथा संस्कार सिकाइन्छ । जुनबेला बच्चाको केश मुण्डन आफ्नो फुपुको हातबाट गरिन्छ । यसरी नेवारी समुदायमा जन्मसंस्कार, भात खुवाई, ब्रतबन्ध, इहिपूजा, विवाह आदिका बारेमा नेवारी समुदायको महत्वपूर्ण रितितिथिहरु रहेको हुन्छ । सामाजिक व्यवस्थामा यस प्रकारका प्रक्रिया र व्यवहारले प्रकट र लुप्त दुवै किसिमको भूमिका निर्वाह गरको हुन्छ । यस प्रकारका सामाजिक कार्यहरुले समुदायका सदस्यहरु विच रहने अन्तर निर्भरता, सहयोग तथा सम्बन्धका विविध पक्षलाई बलियो बनाउनका साथै अन्तर निर्भरतालाई व्यवस्थित गरिएको छ ।(कार्की, २०५८)

## ४.५.४ मृत्यु संस्कार (दाहसंस्कार)

कसरी नेवारी सामाजिक संरचना गठन भएको छ र जातिहरु वीच के कस्तो प्रकार्यात्मक सम्बन्ध छ भन्ने तथ्य बढी महत्वपूर्ण छ । जसलाई देखाउन मृत्यु संस्कारमा विभिन्न जातिको भुमिका पनि रही आएको छ । परिवारमा कुनै व्यक्ति मरेपछि साना गुठीलाई त्यसबारे जानकारी दिइन्छ । गुठीयारका विभिन्न समुह अन्तर्गतका सदस्यहरुले विभिन्न कार्य गरी दाहसंस्कारको तह सम्म पुर्‍याउँछन् । ज्यापु र कसाईले शवसँगै नेवारी बाजा बजाउने प्रचलन छ । गुभाजु, बाँडा तथा उदास थरको मृत्यु भएमा शवलाई खटमा बसाएर राखिन्छ भने अन्यकोमा सुताईन्छ । शवलाई जलाईन्छ । तर कतिपय कर्म नचलेका साना बच्चाको शब गाड्ने पनि चलन छ । मृतक परेका घरमा उनीहरुका आफन्तहरु केही खानेकुरा सहित चौथो दिनमा आउँछन् भने पाँचौ दिनमा छोरीहरु मात्र आउने प्रचलन छ । सातौ दिनका दिन खान पकाएर मृतकका नाममा अर्पण गरिन्छ र हे आत्मा यो खानेकुरा आएर खाउ भनी

त्यस खाना पितृलाई चढाइन्छ । फुकी (देवाली गुठीमा संलग्न सदस्यहरु । सदस्यलाई १० दिन मात्रा आशौच लाग्दछ भने दशौं, बाह्रौ र तेह्रौ दिनमा शुद्धिकार्य गर्ने प्रचलन देखिन्छ । तर बाँडाहरुमा सातौ दिनमा चोख्याउने कार्य प्रचलनमा रहेको उल्लेख गरिएको छ । यस कार्यपछि छोराहरु आफ्ना आमाबुबाको सम्झनामा सेतो कपडामा बरखीमा बस्दछन् । (कार्की, २०५८)

नेवार समुदायमा हिन्दु र बौद्ध धर्म मान्नेहरु छन् । यसैले मृत्यु संस्कार पनि आ–आफ्नै धार्मिक प्रचलन, संस्कार र विधि अनुसार हुने गर्दछन् । उनीहरु स्वभाविक रुपले मृत्यु जुन वृद्ध भएपनि हुन्छ, त्यसलाई प्राकृतिक मृत्यु र म उमेरमा हुने दुर्घटनाका कारण हुने मृत्यु भएपछि आफन्तहरु र गुठियारहरुले त्यस परिवारलाई सहयोग र सान्त्वना प्रदान गर्दछन् । यस क्रममा छोरीहरुले पाँचौ दिनका दिन ती सम्बधित व्यक्तिलाई आफै आएर ल्याएको खाना खुवाउने गरेको तथ्य लेखकले उल्लेख गरेका छन् । जसलाई लोचा पनि भनिन्छ । मृत्यु संस्कारलाई चोख्याउने अन्तिम दिनमा आफन्त र घरछिमेकीहरुको सहभागितामा भोज भतेर गर्ने गरिन्छ । (कार्की, २०५८)

## ४.५.५ चाडपर्वहरु

पौराणिक कालदेखि नै नेपाल पवित्र भूमिको रुपमा चिनिन्छ । प्राचिन ग्रन्थावलीहरुले पनि विभिन्न उत्सव समारोहहरुको उल्लेख गरेका छन् । चाडपर्वहरु बसन्त ऋतुको आगमन नयाँवर्ष, विजयोत्सव आदि अवस्थामा विभिन्न समुदायले आ–आफ्नै शैलीमा मनाउने गरेको पाइन्छ । यस्ता राष्ट्रिय तथा जातीय चाड पर्वहरुले सामाजिक रुपले एक अर्को सम्प्रदायसँग धार्मिक साहिष्णुता बढाउने, जातिय गौरवालाई टेवा दिदै सिङ्गो राष्ट्र र राष्ट्रियतालाई बजबुद बनाउँछ । इलाम नगरपालिका नेवारहरुले निम्न प्रकारका चाडपर्वहरु मनाउँदै आएका छन् । (कार्की, २०५८)

**<u>माघेसंक्रान्ति</u>**

माघ १ गतेका दिन विहानै उठी नुहाइधुवाई गरी सफा शुद्ध भई माइबेनी मेलामा माइखोला र जोगमाई खोलाको दोभानमा गई दियो बात्ती टपरी माथि बालेर पूजा आज गरी खोलामा बगाइन्छ रोग व्याध हटोस भनी यो चलन चलेको हो । घरमा आफन्त छरछिमेकीलाई बोलाई मिठो मसिनो खुवाउँदछन् । त्यसदिन रोटी, तरुल घर तरुल, सुठूनी, बनतरुल, सुठूनी, स्कुसको जरा, सिमलतरुल, तिलको लड्डु खाने चलन छ ।(कार्की, २०५८)

**चैते दशैं**

रामनवमीका दिन नेवारहरु चेलीबेटीलाई बोलाएर आफन्त नातेदारहरुलाई बोलाएर टिका लगाएर आर्शिवाद दिएर मासुभात खाने चलन छ । यस दिन चैत्र महिना रामनवमी तिथि भएको बेला चैते दशै मानिन्छ । यस दिन खसी, कुखुरा, राँगा, बोका, हाँस काटी रामलाई (भगवान राम) बली चढाइन्छ । यस दिन धुमधामका साथ चैते दशैं मनाइन्छ ।( **स्रोत : स्थलगत अध्ययन, २०७४**)

**कुलपूजा**

नेवार जातिहरु कुलपुजा पनि गर्दछन् । आफ्नो घरको सिरान कोठामा छुट्टै पूजा कोठा हुन्छ । सो कोठामा भिमसेन, गणेश, महारानी सिकारीको मूर्ति स्थापना गरिएको हुन्छ । सो पूजा जेठ महिनामा गरिन्छ । भिमसेनलाई बोका, गणेशलाई लड्डु, महारानीलाई कुखुराले अण्डा जाँडको छोकरा कोदो शिकारीलाई कुखुरा, जंगली देवतालाई चाहि बाहिर जंगलको तीन थान बनाएर त्यस दिन कुखुरा अण्डा चढाइन्छ । यो पूजा गर्नाले धनसम्पति प्राप्त हुन्छ । रोग व्याध हराउँछ । शत्रु पराजित हुन्छ । साखा सन्तानमा सुख प्राप्ति हुन्छ भन्ने जनविश्वास नेवार जातिमा रही आएको छ ।(**स्रोत : स्थलगत अध्ययन, २०७४**)

**बुद्ध जयन्ति बैशाख पूर्णिमा**

नेवारी जातिहरु औपचारिक रुपमा बुद्ध धर्मलाई पनि मान्दछन् । नेवार जातिहरु चैत्य गुम्बामा स्तुपमा गएर भगवान बुद्धको पूजाआजा गर्दछन् । बुद्ध जयन्तिको दिन नेवारहरुले विभिन्न पूजापाठ गरी मनाउँदछन् । (**स्रोत : स्थलगत अध्ययन, २०७४**)

**फागु पूर्णिमा**

यो फागुण महिनामा मनाइने पर्व हो । यस दिन केटाकेटीहरु अविर रङ्ग खेली एक अर्कामा दलादल गरी मनाउँदछन् । यस दिन विभिन्न रङ्गले अनुहारमा दली एक अर्कामा खुशियाली मनाई यो पर्व मनाइन्छ । यस दिन भगवान रामले रावण माथि विजय प्राप्त गरेको हुनाले यो पर्व चाडपर्वको रुपमा मनोरञ्जन गरी मनाईन्छ ।(**स्रोत : स्थलगत अध्ययन, २०७४**)

**जनै पूर्णिमा**

यस जनै पूर्णिमा भाद्र महिनामा मनाइन्छ । जनै पूर्णिमाको दिन हातमा डोरो धागो बाँधी जनै नाडीमा बाँधी जनै पूर्णिमा मनाइन्छ । कसै कसैले हातमा कागजको फुल अर्थात राखी बाँधी जनै पूर्णिमा मनाइन्छ । यस दिन नेवार जातिहरु मटर, चना, भटमास, कालोदाल, सिमी, मस्याम, केराउको गेडामा मासु हालेर झोल बनाई खाने चलन छ । जसलाई क्वाँटी भनिन्छ । त्यसैले यसलाई जनै पूर्णिमा भनिएको हो । यस दिन ब्राम्हणबाट घरमा परिवारले नाडीमा डोरो बाँधी आशिर्वाद लिने चलन छ । हरेक वर्ष जनै पूर्णिमा चाडको रुपमा नेवारहरुले मनाउने चलन रही आएको छ ।

(**स्रोत : स्थलगत अध्ययन, २०७४**)

**दशैं**

नेवार जातिहरु धुमधामका साथ दशैं पर्व मान्दछन् । आश्विन महिनामा यो चाडपर्व मनाइदै आएको छ । दशै पाँच दिन सम्म मनाइन्छ । घटस्थापना दिन जमरा राख्ने चलन छ । फुलपातीको दिन घरमा फूलपाती भित्र्याइन्छ । फुलपातीको दिन टुँडिखेल मैदानमा खेलकुद आयोजना गरिन्छ । साथै नेपाली सेनाद्धारा बढाई चढाइन्छ । फूलपातीको दिन केटाकेटीहरु राम्रा राम्रा लुगा लगाएर फूलपाती हेर्न जान्छन । नौरथाकोसप्तमीलाईफूलपाती भनिन्छ । भोलीपल्ट अष्टमी आउँछ । नौरथाको नौ औं दिन नवमी आउँछ । अष्टमीका दिन घरमा पूजा गरिन्छ भने नवमीको दिन देवालय, देवीथान, मन्दिर आदिमा बली चढाई पूजा गरिन्छ । दशमीको दिन टिका अर्थात विजयदशमी शुरु हुन्छ । विजयादशमीको दिन घरघरमा टिका लगाई आर्शिवाद लिने दिने, मासुभात खाई आफन्तहरुको घरमा गई टिका लगाएर आर्शिवाद लिइन्छ। मिठो मिठो खानेकुरा खाई दशै चाडपर्व मानिन्छ । पूर्णिमाको दिन अन्तिम दशैं मानिन्छ । यस दशैं चाडमा राम्रा राम्रा लुगा लगाई टिका लगाई आफन्तहरुबाट ठूलाबडाहरुबाट आर्शिवाद लिइन्छ ।(**स्रोत : स्थलगत अध्ययन, २०७४**)

**तिहार**

कार्तिक महिनामा यो चाडपर्व नेवार जातिले पनि मनाउँछन् । यस तिहारमा कागतिहार , कुकुर तिहार, गोरुपुजा, लक्ष्मीपूजा , भाईटिका गरि पाँच दिन सम्म मनाउने

प्रचलन छ। काग तिहारको दिन कागलाई खानेकुरा दिई मनाइन्छ । भने कुकुर तिहारका दिन आफुले पालेका कुकुरहरुलाई माला लगाई पूजा गरी खानेकुरा दिई मनाइन्छ । गोरु तिहारको दिन गोरुहरुको पूजा गरिन्छ भने लक्ष्मी पूजाको दिन गाईको पुजा गरिन्छ भने साझमा लक्ष्मी देवीको पूजाआजा गरी त्यसपछि देउसी भैलो खेलेर घर घरमा गई रमाइलो गरिन्छ । लक्ष्मी पुजाको दिन घर घरमा दियोबात्ती बाली रङ्गी चङ्गी विजुली बाली आगन लिपी पूजा गरी लक्ष्मी भित्राइन्छ । त्यसपछि लक्ष्मीको मुर्ति वा मन्दिर अगाडि आफ्ना गहना पैसा राखेर पूजा गरिन्छ । त्यस दिन सेल रोटी, अनारस, एक किसिमको रोटीहरु पकाईन्छ । भाइटिकाको दिन दिदीबहिनीहरुले दाजुभाइहरुलाई टिकाटाला गरी यो पर्व मनाइन्छ । यस दिन दिदीबहिनीहरुले दाजुभाईहरुको हातको टिका लगाई पूजा गर्दछन् र आर्शिवाद लिइन्छ । सयपत्रीको माला, मखमलीको माला लगाई निधारमा सप्तरङ्गी रङ्गको टिका लगाई मिठो मिठो खानेकुरा खाई पूजा गर्ने चलन छ । यसरी नेवार समुदायले तिहार पर्वलाई धुमधामका साथ मनाउदछन् ।(**स्रोत : स्थलगत अध्ययन, २०७४**)

# परिच्छेद –पाँच

## तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण

### ५.१ नेवार महिलाहरुमा सामाजिक सशक्तिकरणको अवस्था

इलाम नगरपालिकाको नेवार जातका महिलाहरुको सामाजिक, आर्थिक तथा राजनैतिक अवस्था पुरुषको तुलनााम कमजोर रहेको पाइन्छ । यस अध्ययन क्षेत्रबाट लिएका महिलाहरुको स्थलगत निरिक्षण अनुसार पितृसत्तात्मक सोच, परम्परागत मूल्य, मान्यता, धार्मिक तथा सामाजिक मूल्य मान्याताको कारणले पुरुषको दाँजोमा महिलाको अवस्था कमजोर पाइयो । हाम्रो जस्तो सामन्ती सरकारले जरो गाडेको समाजमा सम्पतिलाई उच्च प्राथमिकता दिएको छ । आर्थिक अव्यवस्था हुनु वा नुहुनुले व्यक्तिको सामाजिक, साँस्कृतिक शैक्षिक कुराहरुमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यहाँका नेवार महिलाहरु प्राय : भूमिहिन अवस्थामा तथा पेशा व्यवसाय विहिन अवस्थामा छन् । महिलाहरुलाई विशेष गरी घरको कामहरु खाना बनाउने, भाँडा माझ्ने, बच्चा हुर्काउने, बुढाबुढी स्याहार गर्ने, खेतीपातीको काम गर्ने जस्ता कामहरु लगाइन्छ भने पुरुषहरु घरबाहिरको काम गर्ने गर्दछन् । यही कुराहरुलाई औंल्याउने क्रममा नेवार महिलाहरुको सामाजिक सशक्तिकरणको बारेमा स्थलगत निरीक्षण अनुसार विस्तृत विश्लेषण गर्न खोजिएको छ ।

### ५.१.२ नेवार महिलाहरुको परिवार सम्बन्धी अध्ययन

नेवारी समाजमा एकात्मक र संयुक्त दुवै किसिमको परिवार रहेको छ । समाजमा पुरुष वर्गकै प्रधानता रहेपनि नेवारी समाजमा महिलाहरुको अस्तित्व र सम्मानलाई स्वीकार गरेको छ । यस समाजमा नव युवा पिढीहरु भने एकात्मक परिवारमा आर्कषित हुँदै गएको पाइयो ।

<u>तालिका नं १</u>

नेवार महिलाहरुको परिवार सम्बन्धी विवरण

| क.स. | परिवारको किसिम | परिवारको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकात्मक | १५ | ६० |
| २ | संयुक्त | १० | ४० |
| | **जम्मा** | २५ | १०० |

**स्रोत स्थलगत सर्वेक्षण, २०७४**

माथिको तालिका अनुसार नेवार परिवारमा एकात्मक परिवार संख्या १५ अर्थात ६० प्रतिशत र संयुक्त परिवार संख्या १० अर्थात ४० प्रतिशत पाइयो । यस तथ्याङ्कले के देखाउछ भने नेवार समुदायमा एकात्मक परिवार प्रति आकर्षण बढी रहेको पाइयो । किनकि आजको विकसित देशहरुमा प्रायजसो सबै शिक्षित परिवारका हुन्छन् । शिक्षित भएपछि उनीहरु हरेक क्षेत्रमा अगाडी बढेर केही न केही काममा व्यस्त भएको पाइन्छ । जसले गर्दा उनीहरुले आफ्नो परिवारका सदस्यहरुलाई समय दिएको पाइदैन । जसले गर्दा उनीहरु एकल परिवारमा बस्न रुचाउँछन । आफ्नो जागीर तथा व्यापारहरुले गर्दा उनीहरुलाई एकल बस्न समयले बाध्य बनाइरहेको पाइन्छ । त्यसैले आजकल सबै ठाउँमा संयुक्त परिवार भन्दा एकल परिवार बढी मात्रामा देखिन्छ ।

यसले समुदायमा सकारात्मक तथा नकारातमक दुवै परिणाम ल्याएको छ । समाजशास्त्रीय अध्ययन अनुसार यसको दुवै परिणामहरु रहेको छ । एकल एकात्मक परिवारका सकारात्मक पक्ष भनेको एकात्मक परिवारमा परिवारका सदस्यहरुले आफूले भने अनुसार काम गर्न पाउँछ आर्थिक स्थिति राम्रो हुन्छ शिक्षाको राम्रो अवसर हुन्छ भने यसको नकारात्मक पक्षहरु भनेको समयको अभाव, पारिवारिक घनिष्ठता तथा मायामा कमी, संस्कारको कमी आदि हुन् । साथै संयुक्त परिवारमा सम्पत्तिको बाँडफाँड हुने हुँदा उत्पादकत्वमा कमी हुने सम्भावना बढी रहन्छ ।

## ५.१ ३ नेवार महिलाहरुको उमेर सम्बन्धी अध्ययन

अध्ययन क्षेत्रमा २५ जना महिलाहरुसँग छलफल, प्रश्नावली, भेटघाटो गरी उनीहरुको पारिवारीक, आर्थिक र शैक्षिक विवरण आदि संकलन गरिएको छ । उनीहरुबाट संकलनको उमेर समूह यस प्रकार रहेको छ ।

**तालिका नं.२**

नेवार महिलाहरुको उमेर सम्बन्धि विवरण

| क्र.स. | उमेर समुह वर्षमा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २०– २९ | ५ | २० |
| २ | ३०– ३९ | १२ | ४८ |
| ३ | ४०– ४९ | ५ | २० |
| ४ | ५०– ५९ | ३ | १२ |
| **जम्मा** | | **२५** | **१००** |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

माथिको तालिका पाइएको तथ्याङ्क अनुसार २५ जना नेवार महिलाहरु मध्ये २० देखि २९ वर्ष उमेर समुहका ५ जना अर्थात २० प्रतिशत ३० देखि ३९ वर्ष समुहका १२ जना अर्थात ४८ प्रतिशत, ४० देखि ४९ उमेर समुहका ५ जना अर्थात २० प्रतिशत र ५० देखि ५९ वर्ष सम्मका ३ जना अर्थात १२ प्रतिशत महिलाहरु पाइयो । यस तालिकाबाट पनि के स्पष्ट हुन्छ ३० देखि ३९ उमेर समूहका महिलाहरुलाई उत्पादक जनशक्ति मान्यो किनभने यो उमेर समुहका महिलाहरु बढी रोजगारीमा सक्रिय भएको पाइयो । यो उमेरका महिलाहरु कुनै न कुनै पेशामा आबद्ध भेटियो । यस उमेरका महिलाहरुको रोजगारी, व्यापारमा संलग्न भेटियो भने ५० देखि ५९ वर्षका महिलाहरु भने अनुत्पादक जनशक्तिको रुपमा पाइयो । उमेर बढी भएको कारणले पनि यस उमेर समुहका महिलाहरुको आर्थिक गतिविधिमा कम सक्रियता देखियो ।

## ५.१.४ नेवार महिलाहरुको श्रम विविधता सम्बन्धि अध्ययन

मानिसहरु आफ्नो जीविकोपार्जनका लागि विभिन्न पेशाहरु अपनाएका हुन्छन् । नेवार जातिका मानिसहरुले पनि जीविको पार्जनका लागि विभिन्न पेशा अपनाएका छन् । जो निम्नानुसार छन् ।

<u>तालिका नं ३</u>

**नेवार महिलाहरुको पेशागत विवरण**

| क.स. | श्रमको विवरण | महिला संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ज्याला मजदुरी | ६ | २४ |
| २ | पशुपालन | ५ | २० |
| ३ | व्यापार व्यवसाय | ८ | ३२ |
| ४ | कृषि | ५ | २० |
| ५ | नोकरी | १ | ४ |
| **जम्मा** | | २५ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

माथिका तथ्याङ्क अनुसार अध्ययन क्षेत्रमा पाईएका महिलाहरु मध्ये ज्याला मजदुरीमा ६ जना अर्थात २४ प्रतिशत, पशुपालनमा ५ जना अर्थात २० प्रतिशत, व्यापार व्यवसायमा

८ जना अर्थात ३२ प्रतिशत, कृषिमा ५ जना अर्थात २० प्रतिशत र नोकरीमा १ जना अर्थात ४ प्रतिशत रहेको पाईयो । यस तथ्याङ्क अनुसार नेवार महिलाहरुको जाँड रक्सीको घरेलु व्यापार व्यवसाय, ज्यादा मजदुरी र पशुपालनमा श्रम गर्नेको संख्या अधिक देखिन्छ भने नोकरीमा श्रम गर्नेको संख्या एकदमै कम देखिन्छ । यसले पनि के देखाउँछ भने नेवार महिलाहरु नोकरी गर्न भन्दा पनि परम्परागत पेशा, व्यवसायमा बढी आकर्षित भएको पाइयो ।

## ५.१.५ नेवार महिलाहरुको धर्म सम्बन्धि विवरण

नेपाली समाजमा बुहजातिय अस्तित्व भए झै बुहधार्मिक अस्तित्व पनि छ । नेवार जातिमा परापूर्व कालदेखि मान्दै आएका धार्मिक क्रियाकलापहरु आज सम्म पनि कायमै रहेको छ । नेवार जातिहरुले आपनो धर्मलाई अगाडि बढाउदै लगेको पाइन्छ ।

<u>तालिका नं. ४</u>

नेवार महिलाहरुको धर्म सम्बन्धि विवरण

| क.स. | धर्म | सँख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | २४ | ९६ |
| २ | बौद्ध | १ | ४ |
| | जम्मा | २५ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

माथिको तथ्याङ्क अनुसार २३ जना उत्तरदाता महिलाहरु मध्ये २४ जना हिन्दु र १ जना बौद्ध धर्म मान्ने भेटियो । यसबाट के प्रष्ट हुन्छ भने इलाम नगरपालिकका हिन्दु धर्म मान्ने महिलाहरु धेरै भन्दा धेरै देखियो भने बौद्ध धर्म कम देखियो । हिन्दु धर्म मान्नेहरुले दशैं, तिहार, माघे संक्रान्ति, साउने संक्रान्ति, चैते दशैं, होली जस्ता पर्वहरु मनाउछन् भने बौद्ध धर्म मान्नेहरु बुद्ध पूर्णिमा मनाउँछन् । यहाँ हिन्दु बौद्ध मिलेर आ–आफ्नो चाडपर्वहरु मनाउने गरेका छन् ।

## ५.२ नेवार महिलाहरुको राजनितिक स्थिति सम्बन्धि अध्ययन

अध्ययनमा परेका नेवार महिलाहरुको राजनिति प्रति खासै चासो राखिएको पाइएन । देशको वर्तमान राजनैतिक व्यवस्था भन्दा पनि आफ्नै घरायसी कामकाजलाई उनीहरुले

बढी महत्वपूर्ण दिएको पाइयो । राजनैतिक कुरामा त्यति चासो नदेखाए पनि आफूले भोट दिएर जीताएको व्यक्तिहरुले आफ्नो गाउँघरमा केही विकास गर्छन होला भन्ने आशावादी भने रहेको पाइयो । उनीहरुमा रानजैतिक चेतना स्तर सामान्य रहेको छ र उनीहरुले राजनिति प्रति खासै चासो राखेको पाइएन । किनकी आफ्नो देशको नेताहरुले पनि केही विकास नगरेकोमा उनीहरु दुःख मान्दछन् । राजनिति तिर लागेका घरको काम कार्यहरु गर्ने मान्छेको कमी हुने भएकोले महिलाहरु राजनितिक क्षेत्रबाट टाढै रहेको पाइयो । राजनितिमा लागेपछि घरको काम नभ्याउने उनीहरुको दृष्टिकोण त्यस्तो रहेको पाइयो । राजनितिमा घरको मुलीहरुले पनि खासै महिलाहरुलाई अगाडि बढाउन नचाहेको उनीहरुको गुनासो रहेको छ ।

## ५.३ परिवार नियोजनको साधनको प्रयोग

तालिका नं. ५

नेवार महिलाहरुको स्वास्थ्य सम्बन्धी चेतनाको विवरण

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पिल्स | ७ | २८ |
| २ | डि.पो. प्रोभेरा | १० | ४० |
| ३ | स्थायी बन्ध्याकरण | ५ | २० |
| ४ | केही प्रयोग नगर्नेहरु | ३ | १२ |
| **जम्मा** | | **२५** | **१००** |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

माथिको तालिका अनुसार उत्तरदाताहरु मध्येबाट परिवार नियोजनका साधनहरु मध्ये पिल्स चक्की प्रयोग गर्ने ७ जना अर्थात २८ प्रतिशत, डि.पो. प्रोभेरा प्रयोग गर्ने १० जना अर्थात ४० प्रतिशत, स्थायी बन्ध्याकरण गर्नै ५ जना अर्थात २० प्रतिशत र केही प्रयोग नगर्नेहरु ३ जना अर्थात १२ प्रतिशत रहेको पाइयो । यस तथ्याङ्कलाई हेर्दा युवा महिलाहरुको पिल्स चक्की र डि पो प्रोभेराको प्रयोग बढी गरेको पाइयो भने धेरै छोराछोरीहरु भएका महिलाहरुले स्थायी बन्ध्याकरण गरेको पाइन्छ र उमेर पुगेका महिलाहरुले केही प्रयोग गरेको पाइएन । यसबाट उनीहरुको परिवार नियोजनसँग सम्बन्धित कुरामा निर्णय क्षमता

सही रहेको पाइयो । साथै उनीहरुले आफ्नो श्रीमान र आफ्नो सहमतिमा यो साधन प्रयोग गरेको पाइयो ।

## ५.४ पारिवारिक निणर्य प्रक्रियामा महिला स्वामित्व एवम् सहभागिता

नेवार जातिको महिलहरुको अवस्था अन्य क्षेत्री, ब्राम्हण महिलाहरुको भन्दा तुलनान्मक रुपले आफ्नो परिवारमा केही राम्रो रहेको पाइयो । यिनीहरुको परिवार पितृसतात्मक भएपनि परिवारमा महिलाहरु प्रतिको दृष्टिकोण भने सकारात्मक नै रहेको पाइयो । कतिपय परिवार खास गरी घरमूली महिलाहरुको नै मुख्य भूमिका रहेको पाइन्छ भने कतिपयमा महिला पुरुष बराबर रहेको पाइयो । यस सम्बन्धमा अध्ययन क्षेत्रका २५ जना उत्तरदाता नेवार महिलाहरुसँग सोधिएको प्रश्नका उत्तरमा १० जनाले वस्तु विक्रीबाट हुने आय महिलाको हुने बताए भने बाँकीले सो आयमा पुरुषको प्रमुख हुने बताए । यसै गरी घरपालुवा जनावर कुखुरा, बाखा, खसी, बोका, हाँस आदि बेचविखनमा कसको कसको भूमिका हुन्छ भनी सोधिएको प्रश्नमा ७जना उत्तरदाताहरुले घरमूली महिलाहरुको हुने भनि उत्तर दिए भने बाँकीले भने पुरुषको हुने बताए । यस्तै घरेलू प्रयोजका खाद्य वस्तु, लताकपडा, आदिको खरीदमा कसको भूमिका हुन्छ भनि सोधिएको प्रश्नको उत्तरमा ८ जनाले महिलाको भूमिका हुन्छ भन्ने उत्तर दिए भने बाँकीले पुरुषकै भूमिका रहेको उत्तर दिए । यो तथ्याङ्कको आधारमा विश्लेषण गर्दा नेवार महिलाहरुको पारिवारिक निर्णय प्रक्रियामा राम्रो सहभागिता हुन सकेको देखिन्छ ।

**तालिका नं. ६**

पारिवारिक निर्णयमा उत्तरदाता महिलाहरुको स्वामित्व एवम् सहभागिता

| क्र.स. | विवरण | महिला स्वामित्व | प्रतिशत |
|---|---|---|---|
| १ | घरेलु उत्पादन खरीद विक्री | १० | ४० |
| २ | घरपालुवा जनावर खरीद विक्री | ७ | २८ |
| ३ | अन्य घरायसी सरसामान खरीद | ८ | ३२ |
| **जम्मा** | | **२५** | **१००** |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

## ५.५ नेवार महिलाहरुको शैक्षिक अवस्था सम्बन्धी अध्ययन

देशको चौतर्फी विकासको लागि शिक्षाको महत्वपूर्ण भूमिका हुन्छ । शिक्षा विना मानिसले केही कुराको पनि विकास गर्न सक्दैन । शिक्षा मानिसको नैसर्गिक अधिकार पनि हो । देश विकासको क्रममा आइपर्ने विभिन्न चुनौतिहरुको सामना शिक्षाकै माध्यमबाट गर्न सकिन्छ । शिक्षित जनशक्ति देशविकासको मूल आधार पनि हो । सचेत सक्षम, सुसुचित नागरिकहरु सामाजिक तथा आर्थिक विकासको आधारशिला हुन भने शिक्षा यी सबै पक्षहरुको प्रमुख कारक हो । शिक्षाको विकास र अवसर नै सामाजिक असमानता हटाउन सक्ने प्रमुख साधन पनि हो । यस अध्ययनमा २५ जना उत्तरदाताहरुको शैक्षिक अवस्था राम्रो रहेको देखिन्छ ।

<u>तालिका नं. ७</u>

नेवार महिलाहरुको शैक्षिक अवस्था सम्बन्धी विवरण

| क्र.स. | विवरण | महिला संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पूर्ण निरक्षर | ३ | १२ |
| २ | साक्षर | १५ | ६० |
| ३ | एसएलसी/एसइइ उर्तिण | ५ | २० |
| | उच्च शिक्षा | २ | ८ |
| **जम्मा** | | २५ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

माथि उल्लेखित तालिका अनुसार पूर्ण निरक्षर ३ जना अर्थात १२ प्रतिशत साक्षर १५ जना अर्थात ६० प्रतिशत,एस.एल.सी./एस.ई.ई. उर्तिण गर्ने ५ जना अर्थात २० प्रतिशत र उचच शिक्षा हासिल गर्ने २ जना अर्थात ८ प्रतिशत महिलाहरु मात्र रहेको पाइयो । माथिको तथ्याङ्कलाई हेर्दा पनि इलाम नगरपालिकाको नेवार महिलाहरुको शैक्षिक अवस्था राम्रो नै देखिन्छ ।

## ५.६ नेवार महिलाहरुको आर्थिक पक्षको अध्ययन

राष्ट्रको मेरुदण्ड भन्नु नै त्यो देशको अर्थ व्यवस्था हो । अर्थ व्यवस्थामा मूलत तीन पक्ष रहेको हुन्छ । उत्पादन, उपभोग र वितरण अर्थतन्त्रका आधारभूत पक्षहरु हुन् ।

अर्थव्यवस्थाले कुनै पनि व्यक्ति राष्ट्र एवम् परिवारको सामाजिक प्रतिष्ठार्ला बचाई राखेको समेत हुन्छ । कुनै राष्ट्रको अर्थव्यवस्था मूल आधार कृषि हुन्छ भने कुनैको उद्योग, व्यापार आदि हुने गर्दछ । नेपालको अर्थव्यवस्थाको मुलतः कृषिमा आधारित रहेको छ । कृषि तथा सम्बद्ध क्रियाकलाप नै अधिकांश मानिसहरुको जीवनोपार्जनको मुख्य आधार हो । आर्थिक क्रियाकलापका कारण समाजको सामाजिक एवं साँस्कृतिक संरचनालाई प्रभावित पार्ने गर्दछ । आर्थिक क्रियाकलापले समुदायको रितिरिवाज चालचलन, जिवनशैली, सँस्कार आदिमा प्रत्यक्ष, अप्रत्यक्ष प्रभाव पारेको हुन्छ । यसका साथै आर्थिक स्रोत वा उत्पादनका साधन माथिको स्वामित्वले मानिसहरुको आर्थिक सामाजिक हैसियत निर्धारण गर्न समेत मद्दत गर्दछ । समाजको सम्पूर्ण पक्षलाई आर्थिक पक्षले नै निर्देशित गरेको हुन्छ । अन्तत उत्पादनको स्रोत र साधनमा मानिसको पहुँच पनि पुग्न सक्दैन । यही कुराको तथ्याङ्क विश्लेषण गरी विस्तृत रुपमा अध्ययन गरिएको छ ।

### ५.६.१ नेवार महिलाहरुको आर्थिक स्थितिको अध्ययन

नेवार जातिका महिलाहरुको आर्थिक स्थिति तुलनात्मक रुपले राम्रो नै देखिन्छ । इलाम नगरपालिकाका नेवार समुदायका महिलाहरु कुनै न कुनै पेशामा संलग्न भएका, जाँगरिला भएका र इलाम नगरपालिकामा काम गरी खानका लागि अवसरहरु प्राप्त गर्न सकिने ठाउँ भएको र नेवार महिलाहरुको जग्गा जमिन समेत भएको कारणले आर्थिक अवस्था सवल देखिन्छ ।

**तालिका नं.८**

नेवार महिलाहरुको आर्थिक स्थितिको विवरण

| क्र.स. | आर्थिक विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ३ महिनासम्म खान पुग्ने | २ | ८ |
| २ | ६ महिनासम्म खान पुग्ने | ३ | १२ |
| ३ | ९ महिनासम्म खान पुग्ने | ४ | १६ |
| ४ | वर्ष दिन सम्म खान पुग्ने | १६ | ६४ |
| **जम्मा** | | २५ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

माथिका तालिका अनुसार ३ महिनासम्म खान पुग्नेहरुको संख्या २ अर्थात ८ प्रतिशत, ६ महिनासम्म खान पुग्नेको संख्या ३ अर्थात १२ प्रतिशत, ९ महिना सम्म खान पुग्नेको संख्या ४ अर्थात १६ प्रतिशत र वर्ष दिन भरी खान पुग्नेको संख्या १६ अर्थात ६४ प्रतिशत रहेको छ । यस तथ्याङ्कले के देखाउँछ भने नेवार जातिको महिलाहरुको आर्थिक स्थिति राम्रो देखिन्छ ।

## ५.६.२ नेवार महिलाहरुको सामाजिक सहभागिता सम्बन्धी अध्ययन

महिलाहरुको सामाजिक सहभागिता भन्नाले कुनै पनि संघसंस्था, कार्यक्रम वा क्रियाकलापमा उपस्थित भई सक्रिय एवम् अर्थपूर्ण भूमिकाको अवस्थालाई बुझाउँछ । कुनै पनि समाजमा महिलाहरुको सहभागिता र प्रतिनिधित्को अवस्थाले उनीहरुको सशक्तिकरण र निर्णय क्षमतम एवम् लैङ्गिक मूल प्रवाहीकरणको स्थितिलाई दर्शाउने गर्दछ । इलाम नगरपालिका वडा नं. ६ मा बसोबास गर्ने नेवारी महिलाहरुको सामाजिक रुपमा विभिन्न क्षेत्रमा सहभागिता रहेको पाइन्छ । तालिका नं. ८ मा नेवारी महिलाहरुको सामाजिक सहभागिताको अवस्थालाई उल्लेख गरिएको छ ।

**तालिका नं. : ९**

नेवार महिलाहरुको सामाजिक सहभागिता

| क.स. | सहभागी रहेको क्षेत्र | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सहकारी, आमसमूह, बचत समूह | १५ | ६० |
| २ | राजनितिक दल, जातिय संस्था, धार्मिक समूह | २ | ८ |
| ३ | सामुदायिक वन, खानेपानी, सिचाई, विद्यालय | ५ | २० |
| ४ | कुनैपनि क्षेत्रमा सहभागी नभएको | ३ | १२ |
| | जम्मा | २५ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

माथिको तालिका नं. ९ अनुसार २५ जना उत्तरदाता मध्ये सहकारी, आमासमुह, बचत समुहमा १५ जना अर्थात, ६० प्रतिशत, राजनितिक दल, जातिय संस्था, धार्मिक समुहमा २ जना अर्थात ८ प्रतिशत, सामुहिक वन, खानेपानी, सिचाई, विद्यालयमा ५ जना अर्थात २० प्रतिशत, त्यसैगरी कुनैपनि क्षेत्रमा सहभागी नभएको ३ जना अर्थात १२ प्रतिशत

रहेको पाईयो । यो तालिका अनुसार इलाम नगरपालिकाको नेवारी महिलाहरु कुनै न कुनै संस्थामा आवद्ध रहेको पाइयो ।

### ५.६.३ नेवार महिलाहरुको आयस्रोत सम्बन्धि अध्ययन

मानिसहरुको आफ्नो जीवन यापनको लागि विभिन्न पेशाहरु अपनाएका हुन्छन् । नेवार महिलाहरु पनि आफ्नो आय वृद्धि गर्न र सामान्य घर व्यवहार चलाउन विभिन्न पेशा व्यवसायहरु संचालन गरेका छन् । नेवार महिलाहरुको आयस्रोत सम्बन्धी विवरण तलको तालिकाबाट प्रस्ट हुन्छ ।

**तालिका नं.१०**

नेवार महिलाहरुको आयस्रोत सम्बन्धि विवरण

| क्र.स. | विवरण | महिलाहरुको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पशुपक्षी पालन | ५ | २० |
| २ | ज्यालादारी मजदुर | ६ | २४ |
| सि | सिलाई कटाई | २ | ८ |
| ४ | जाँडरक्सी व्यापार | ८ | ३२ |
| | सरकारी नोकरी | १ | ४ |
| | नगदेबाली | ३ | १२ |
| **जम्मा** | | **२५** | **१००** |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

माथिको तालिका अनुसार के प्रष्ट हुन्छ भने आयश्रोतको आधारमा नेवार महिलाहरु आफ्नो खुट्टामा आफै उभिएको देखिन्छ । उनीहरु केही न केही व्यवसाय गरेर आफ्नो लगायत आफ्नो परिवारलाई सहयोग गरिरहेका छन् । सानै व्यवसाय गरेर भएपनि आफ्नो श्रीमानलाई सहयोग गरेको देखिन्छ । उनीहरु अरुको भरमा नपरेको देखिन्छ ।

### ५.६.४ नेवार महिलाहरुको पारिवारिक खर्च सम्बन्धी अध्ययन

आफ्नो पारिवारिक जीवन निर्वाहको क्रममा दैनिक कार्य सञ्चालनको लागि आ–आफ्नो  क्षमता अनुसारको आर्य आर्जनमा सक्रिय रहेको छन् । यसरी आय आर्जनमा सक्रिय रहेता पनि उनीहरुले दैनिक आवश्यकिय पारिवारिक खर्च गर्नलाई के –कस्तो अनुमति लिनु पर्छ वा पर्दैन भन्ने कुराको अध्ययन तलको तालिकाबाट केलाइएको छ ।

<u>तालिका नं. ११</u>

नेवार महिलाहरुको पारिवारिक खर्च सम्बन्धी विवरण

| क्र.स. | विवरण | महिलाहरुको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | श्रीमानको अनुमति लिनुपर्ने | १७ | ६८ |
| २ | श्रीमानको अनुमति लिनु नपर्ने | ५ | २० |
| ३ | सासु र ससुराको अनुमति लिनु पर्ने | २ | ८ |
| ४ | अन्य | १ | ४ |
| **जम्मा** | | २५ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

माथिको तालिकामा पाइएको तथ्याङ्क अनुसार पारीवारिक खर्चमा श्रीमानको अनुमति लिनुपर्दछ । पारीवारिक खर्चमा श्रीमानको अनुमति लिनुपर्दछ भन्ने १७ जना अर्थात ६८ प्रतिशत, श्रीमानको अनुमति लिनु पर्दैन भन्नेमा ५ जना अर्थात २० प्रतिशत, सासु ससुराको अनुमति लिनुपर्छ भन्नेमा २ जना अर्थात ८ प्रतिशत र अन्यमा १ जना अर्थात ४ प्रतिशत रहेको छ ।

### ५.७ उत्तरदाताहरुको अवस्था कमजोर हुनाका कारणहरु

अध्ययन क्षेत्रका नेवार महिलाहरुको अवस्था कमजोर देखिन्छ । माथि प्रस्तुत गरिएका विभिन्न तथ्याङ्कहरुको आधारमा हेर्दा नेवार महिलाहरु आर्थिक, सामाजिक, राजनैतिक र निर्णय प्रक्रिया आदिमा कमजोर देखिएका छन् । पुरुषको तुलनामा पछाडि परेका छन् । यसका प्रमुख कारण यस प्रकार रहेका छन् ।

### ५.७.१ पितृसतात्मक सोच

नेवार समाजमा रहेको पितृसतात्मक सोच रहेको अवधारणाले नेवार महिलाहरुको अवस्था कमजोर रहेको छ । यस जातिमा पनि महिलाहरुलाई दोस्रो दर्जाको नागरिकको रुपमा हेरिन्छ । महिलाहरु विवाह गरेर लोग्नेको घरमा जानुपर्ने, श्रीमती र आमा बनेर आफ्नै घरेलु संरचनात्मक भूमिका निर्वाह गर्नुपर्ने र महिलाहरुले घर भित्रकै कार्यमा संलग्न रहनु पर्ने मान्यता पाइन्छ । महिलाहरुको यौन व्यवहार र क्रियाकलापमा कडा नियन्त्रण गरिएको छ । महिलाहरु बढी भन्दा बढी समय घरायसी, अनुत्पादक कार्यमा नै संलग्न रहेकाले पुरुषहरु प्रति बढी आश्रित रहेका छन् । महिलाहरु साक्षर रहेता पनि उनीहरुलाई सार्वजनिक क्षेत्र वा रोजगारीको क्षेत्रमा संलग्न हुने अवसरहरुलाई नियन्त्रण गरिनुले पनि नेवार महिलाहरुको अवस्था कमजोर देखिन्छ । (**स्थलगत अध्ययन, २०७४**)

### ५.७.२ सामाजिक मूल्य तथा सांस्कृतिक मूल्या मान्यता

नेवार समाजमा सामाजिक तथा साँस्कृतिक तथा मूल्य मान्यताले गर्दा पनि नेवार महिलाहरुको अवस्था कमजोर देखिन्छ । सामाजिक मूल्य तथा मान्यताले पुरुषलाई लेख्ने पढ्ने तथा देशविकासको कार्यमा अगाडि बढाउन प्रेरित गर्दछ भने महिलाहरुलाई घरायसी कार्यमा संलग्न गराइन्छ । यस समाजमा पुरुषहरु देशको बुद्धिजिवी नेता, देशको कर्णधार बन्ने हुनाले पनि पुरुषको स्थान महिलाहरुको भन्दा उच्च रहेको पाइन्छ ।(**स्थलगत अध्ययन, २०७४**)

### ५.७.३ व्यवसायिक सिपको अभाव

यस जातिका मानिसहरु समय सापेक्ष अनुसार व्यवसायिक सीपको अभाव देखिन्छ । परम्परागत कृषि, घरायसी काम, व्यापार व्यवसाय, ज्याला मजदुरी बाहेक अन्य अवसर प्राप्त नभएको हुनाले नै महिलाहरु पछाडि परेका छन् ।

### ५.७.४ आर्थिक परनिर्भरता

सम्पत्तिमा महिलाहरुको दोहोरो अधिकार नेवार पुरुषमा नै रहेको छ । नेवार महिलाहरुको नाममा सम्पत्ति राखिएको भएपनि त्यस बेचविखन र परिचालनमा पुरुषको नै अनुमति लिनुपर्ने हुँदा आर्थिक क्रियाकलापमा पनि महिलाहरु पुरुषको परजिवी बनेका छन ।

त्यसैगरी पारीवारिकि खर्चमा पनि श्रीमान कै अनुमति लिनुपर्ने हुनाले पनि महिलाहरुको आर्थिक क्रियाकलापमा परिचालन पुरुष प्रति निर्भर रहेका छन् ।(स्थलगत अध्ययन, २०७४)

## ५.७.५ अवसरको कमी

नेवार महिलाहरुको साक्षरतादर राम्रै रहे पनि नि महिलाहरुले शैक्षिक योग्यता अनुसारको सार्वजनिक क्षेत्रमा अथवा रोजगारीको क्षेत्रमा संलग्न हुने अवसर पाएका छैनन् । पुरुषको तुलनामा महिलाहरुले धेरै भन्दा धेरै कम अवसर पाएका छन् ।

**(स्थलगत अध्ययन, २०७४)**

# परिच्छेद छ

## सांराश, निष्कर्ष र सुझाव

### ६.१ सारांश

नेपाल एक बहुभाषिक, बुहजातिय, बहुसाँस्कृतिक भएको सुन्दर राष्ट्र हो । नेपालका विभिन्न जातिमध्ये नेवार जाति पनि एक हो । यस जातिको आफ्नै धर्म संस्कृति, रितिरिवाज, तथा परम्परा रहेको छ । नेवार जातिको बहुमुल्य काठमाडौं उपत्यका भक्तपुर, ललितपुपर, किर्तिपुर भएपनि थोरै मात्रामा नेपालका विभिन्न जिल्लाहरुमा छरिएर रहेका छ । इलाम नगरपालिकामा बसोबास गर्ने नेवार जातिको पनि आफ्नै मौलिक, धार्मिक, भाषिक, सांस्कृतिक र परम्परागत संस्कारहरु रहेका छन् । वि.स. २०५८ सालको रीष्ट्रिय जनगणना अनुसार यो जातिको कुल जनसंख्या करीब तिस लाखको हाराहारीमा रहेको छ । सम्पूर्ण जनजातिहरुको रहनसहन जनजीवन आर्थिक, सामाजिक, साँस्कृतिक शैक्षिक पक्षहरुको पनि सम्पूर्ण नेपालीहरुले जानकारीमा राख्नु जरुरी छ । यसै परिवेशमा प्रस्तुत शोधपत्रमा इलाम नगरपालिका नेवारी महिलाहरुको वास्तविक जीवनको यथार्थता स्पष्ट पार्ने प्रयास गरिएको छ ।

यो अध्ययन इलाम जिल्ला इलाम नगरपालिका नेवार महिलाहरुको आर्थिक र शैक्षिक क्षेत्रको अवस्थाको बारेमा अध्ययन तथा अनुसन्धान गरिएको छ । यसमा विशेष गरी नेवारी महिलाहरुको सामाजिक शसक्तिकरणको अवस्थाहरु बारे अध्ययन तथा अनुसन्धान गरिएको छ । यसमा नेवार महिलाहरुको सामाजिक शसक्तिकरणको अवस्थाको अध्ययन सँग सम्बन्धित रहेको छ । समयको गतिसँगै आजको बिश्व विज्ञानको युगमा प्रवेश गरिसकेको छ । समाजमा विभिन्न पक्षहरुमा परिवर्तन र विकास भएका छन् । यस परिप्रेक्ष्यमा नेपालको अवस्था कस्तो छ ? बदलिदो समय र परिस्थितिसँग नेवारहरुले के कसरी आत्मसाथ गरेका छन् वा छैनन् ? आफ्नो जीवनस्तरलाई माथि उकास्न नेवार महिलाहरुले के कस्तो योगदान गरेका छन वा छैनन ? यिनै प्रश्नहरुको सेरोफेरोमा शोधपत्र तयार गरिएको छ । यस अध्ययनमा प्राथमिक तथ्याङ्कको साथै द्बितिय तथ्याङ्कको पनि प्रयोग गरिएको छ । अनुसन्धानको क्रममा अध्ययनको उद्देश्य पुरा गर्न विभिन्न किसिमको तथ्याङ्क विधिहरुको

प्रयोग गर्रिएको छ । ति विधिहरु अध्ययनका उद्देश्य अनुसार प्रश्नावली, अन्तर्वार्ता र नेवार महिलाहरुको प्रत्यक्ष रुपमा अवलोकन, अध्ययन गरिएको छ । यो अध्ययन इलाम नगरपालिकाका नेवार महिलाहरुको आर्थिक, सामाजिक, राजनितिक, शैक्षिक र निर्णय प्रकियामा नेवार महिलाहरुको सामाजिक शसक्तिकरणको अवस्थाको खोजमूलक एवम् वर्णानात्मक अध्ययन हो । नेवार जातिको बाहुल्यता क्षेत्र काठमाडौं उपत्यका तीनै जिल्ला, काठमाडौं, भक्तपुर र ललितपुर हुन् । त्यसबाहेक नुवाकोट, रसुवा, धादिङ्ग, काभ्रेपलाञ्चोक, रामेछाप, दोलखा, मोरङ्ग, सुनसरी, धनकुटा, तेह्रथुम, भोजपुर, पाँचथर, ताप्लेजुङ्ग, झापा, आदि क्षेत्रमा रहेता पनि मुलुकको चारैतिर थोरबहुत रुपमा फैलिएर रहेको यो जाति इलाम नगरपालिकामा पनि रहेका छन् । अन्य जाति तथा जनजातिसँग मिलेर बसेको यो जातिका घरहरु काठ, इँटा, सिमेन्ट र ढुङ्गाले बनेको भेटिन्छ । नेवार भाषालाई मातृभाषाको रुपमा बोल्ने यो जातिका युवा पिढी भने नेपाली भाषा बोल्न नै रुचाउँछन् । यी जातीहरु बौद्ध धर्म र हिन्दु धर्म अन्तर्गतका विभिन्न संस्कारहरुमा आफूलाई समायोजन गर्दै आएको पाइन्छ ।

एकात्मक र संयुक्त दुवै थरीको पारिवारिक प्रणालीमा रमाउने यो जातिको सामाजिक, आर्थिक, शैक्षिक र पारिवारिक निर्णय प्रकृयामा महिलाहरुो अवस्था राम्रो नै रहेको छ । आफनो जागिरे पेशा नभए पनि नगदेबाली रोजगारीका अन्य बैकल्पिक अवसर प्राप्त हुने हुँदा हात मुख जोड्न त्यति समस्या परेको पाइँदैन । रोजगारी र आयस्रोतको लागि दुग्ध व्यवसाय, नगदेबाली, जाँडरक्सी व्यापार, होटल लज व्यवसायबाट जीविकोपार्जन गरेको पाइन्छ । सम्पत्तिमा नेवार महिलाहरुको दोहोरो अधिकार रहने भएका कारणले महिलाहरुको आर्थिक स्थिति मजबुद नै देखिन्छ । मजबुद आर्थिक स्थितिले गर्दा घरेलु अर्थात पारिवारिक निर्णय प्रक्रियामा नेवार महिलाहरुको महत्वपूर्ण भूमिका रहेको पाइन्छ । यस जातिमा सामाजिक र साँस्कृतिक बन्देज कम भएको हुनाले महिलाहरु स्वतन्त्र र खुल्ला देखिन्छन् ।

सामाजिक र साँस्कृतिक बन्देज कम भएपनि यस जातिमा पितृसतात्मक सोच कायमै रहेको पाइन्छ । परिवारका आर्थिक पारिवारिक निर्णयमा अन्तिम निर्णय नेवार पुरुषले नै गर्दछन् । आफ्नो स्वतन्त्र पेशा भएका र नभएका यो जातिका मानिसहरु सबै भूमिहिन छैनन् । महिला र पुरुष बीच काममा त्यति विभेद नभए पनि महिलाहरु भने घरायसी काम गर्दछ । यस जातिमा अन्य जातिको भन्दा महिलाहरुलाई आदरको दृष्टिकोणले हेरिन्छ ।

मासुभात मकैको भात, छोएला, मासुचिउरा यिनीहरुको मनपर्ने खाद्य परिकार हो । रक्सी, मासु त धार्मिक दृष्टिले नै उपयुक्त छ ।

यस जातिमा सामान्यतया महिलाहरु साक्षर नै रहेका छन् । यस अध्ययनमा उच्च शिक्षा सम्म अध्ययन उत्तरदाताहरु पाइएको छ भने रोजगारीको लागि सरकारी पेशमा संलग्न १ जना उत्तरदाता मात्र रहेको छ । यो जातिको कतिपय सामाजिक र साँस्कृतिक पक्षहरु अन्य जातिसँग मिल्दो देखिन्छ । परम्परागत, मागि विवाहको अतिरिक्त प्रेम विवाह, चोरी विवाह, जबरजस्ती विवाह, जारी विवाह, विधवा विवाह, अन्तरजातिय विवाह विधमान रहेको पाइन्छ । विवाहको लागि नाता कुटुम्ब पहिलो आधिकारिक व्यक्ति मानिन्छ । यस जातिको परम्परागत भेषभुषा र गरगहनामा भन्दा पनि आधुनिक भेषभुषा र गरगहनामा आर्कषित हुँदै गएको पाइन्छ । यो जातिहरुले आफ्नो चाडपर्व विशेष उत्साहका साथ मनाउँछन । त्यसमा पनि क्वाटीपूर्ण पर्व, गाइजात्रा पर्व, लाखेजात्रा पर्व, होली पर्वलाई विशेष महत्व दिएको पाइयो । नेवार महिलाहरु महिला अधिकारको बारेमा बढी जानकार रहेको पाइयो । नेवार महिलाहरुको मुख्य समस्या भने पितृसतात्मक सोच, सांस्कृतिक, आर्थिक नै रहेको छ । पितृसतात्मक अवधारणाले नेवार महिलाहरुको क्षमता र व्यक्तित्व विकासमा नकारात्मक प्रभाव पारको छ । नेवार महिलाहरु साक्षर, परिश्रमी, मेहनेती तथा क्षमतमवान हुँदाहुँदै पनि परम्परागत घरायसी कार्यमा सिमित रहेका छन् । नेवार समाजको ढाँचा पनि पुरुष प्रधान रहेको छ । यस समाजमा जोशी (नेवारहरुको ब्राम्हण)को स्थान उच्च रहेको र सबै नेवार पुरुषहरु नेता, ठूला व्यापारी देशका कर्णधार बन्न सक्ने र महिलाहरुको अशुद्धताहरु यिनै नेता, कर्णधारहरुबाट मात्र हट्न सक्ने भन्ने माइता रहेकाले पनि महिलाहरुलाई पति पवित्रताको दृष्टिकोणले हेरिएको छ । यस समुदायमा विवाह पछि एउटी महिला लोग्नेको घरमा जान र त्यहाँ पनि उसले आफ्नो परम्परागत कामलाई नै निरन्तरता दिनुपर्ने हुँदा उसको व्यक्तित्व विकास हुन सकेको पाइदैन । नेवार महिलाहरुको सम्पति माथिको दोहोरो अधिकार रहेपनि पितृसतात्मक सोचको कारण आर्थिक क्षेत्रमा अन्तिम निर्णय गर्ने अधिकार पुरुष नेवारमा नै रहेको छ साथै पारीवारिक खर्च गर्नमा पनि पुरुष नेवारको अनुमति लिनुपर्ने हुनाले पनि महिलाहरु पुरुष प्रति आश्रित हुनुपर्ने बाध्यता रहेको पाइन्छ । नेवार समाजमा बाबुको पहिचानलाई बढी महत्व दिनु, जोशी थर नेवारहरुको ठूलो जात अर्थात पुरोहित अर्थात ज्ञानको दाता हुनु र जाति एकताको लागि पुरुषको भुमिकालाई महत्व दिनु, महिलाहरु घरायसी कार्यमा संलग्न हुनु, विवाह अघि र पछि जातिय

परम्परालाई कायम राखी परम्परागत पेशा र व्यवसायलाई नै निरन्तरता दिनुपर्ने बाध्यात्मक परिस्थितिले नेवार महिलाहरुको स्तर वृद्धिमा सकरात्मक परिवर्तन हुन सकेको छैन ।

नेवारी महिलाहरुको सामाजिक सशक्तिकरणको अवस्थाहरु अन्य जातिको भन्दा फरक रहेको छ ।

## ६.२ उपलब्धी

नेपालमा बसोबास गर्ने विभिन्न जनजातिहरु मध्ये नेवार जाति पनि एक हो । उनीहरुको आफ्नै धर्म, संस्कृति, मुल्य, मान्यता, परम्परा भएपनि अन्य जातिहरुसँग मिलेर नै बसेका छन् । नेवार जातिका महिलाहरु अरु महिलाहरु भन्दा अगाडि नै रहेका छन् । उनीहरु परिश्रमी, मेहेनती तथा क्षमतावान भए पनि पितृसतात्मक सोचले पछाडि परेका छन् । त्यसैले महिलाहरुलाई अगाडि बढाउने विभिन्न संघसंस्थाहरु मार्फत विभिन्न सिप युक्त कार्यहरु ल्याउन प्रयत्न गरिएको छ । अन्य जातिहरुको महिलाहरुको तुलनामा शिक्षामा अगाडि रहेको देखिन्छ ।

यस अध्ययनबाट के प्रष्ट पार्न सकिन्छ भने इलाम नगरपालिकामा जम्म १०,८५० नेवारहरु बसोबास गर्दछन् । त्यसमा पुरुष ५,४५५ र महिला ५,३९५ बसोबास गरेको देखियो । अनुसन्धान कार्यलाई व्यवस्थित र तथ्यपरक एवम् विश्वसनिय बनाउने निश्चित अनुसन्धान विधिको प्रयोग गरिएको यस अध्ययनमा मूलत अन्वेषणात्मक र वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । खोजमुलक अनुसन्धानमा आधारित यस अध्ययनमा प्राथमिक र द्वितिय दुवै तथ्याङ्कको प्रयोग भएका छन् । प्रश्नावली, अवलोकन, रुजु, सुची एवम् मुख्य जानकार व्यक्तिसँगको अन्तर्वार्ताका आधारमा प्राथमिक रुपमा सङ्कलित तथ्याङ्कलाई तालका प्रतिशत जस्ता तथ्याङ्कशास्त्रीय विधिबाट विश्लेषण गरिएको छ ।
अध्ययनको उपलब्धीहरु निम्न अनुसार गरिएको पाइन्छ ।

- इलामन नगरपालिकामा जम्मा १०,८५०, नेवारहरु छन् जस मध्ये पुरुष ५,४५५, महिला ५,३९५ रहेका छन् ।
- उनीहरुको आफ्नै भाषा, धर्म, संस्कृति, मूल्य, मान्यता रितिरिवाजहरु रहेका छन् ।
- नेवारी महिलाहरु अहिलेको वर्तमान समयमा आएर विभिन्न संघसंस्थाहरुमा आवद्ध छन् ।

- नेवार जातिहरु विभिन्न चाडपर्वहरु दशै, तिहार, माघेसंक्रान्ति, साउने संक्रान्ति, चैते दशैं, होली लगायत आफ्नै विभिन्न जातिय संस्कृति र जात्राहरु जस्तै लाखेजात्रा, गाईजात्रा, रोपाईजात्रा जस्ता विभिन्न जात्राहरु मनाउने गर्दछन् ।
- महिलाहरुले विभिन्न जागिर तथा व्यापार व्यवसायमा अगाडि परेका छन् ।

## ६.३निष्कर्ष

नेपालमा बसोबास गर्ने विभिन्न जनजातिहरु मध्ये नेवार जाति पनि एक हो । उनीहरुको आफ्नै धर्म, संस्कृति, मुल्य, मान्यता, परम्परा भएपनि अन्य जातिहरु सँग मिलेर नै बसेका छन् । नेवार जातिको पुरुषको तुलनामा महिलाहरुको स्तर माथि उठ्न सकेको छैन । साक्षरता प्रतिशत, आर्थिक स्थिति, सामाजिक स्तर र साँस्कृतिक हैसियत मध्यम देखिन्छ । यस्तो देखिनुमा पितृसतात्मक सोच नै बढी जिम्मेवार रहेको देखिएको छ । नेवार महिलाहरुको शैक्षिक स्तर र आर्थिक अवस्था सापेक्षित रुपमा अन्य जातिका महिलाहरुको भन्दा राम्रो रहेको छ । पारिवारिक निर्णय प्रकृयामा पनि महिलाहरुको सहभागिता रहेको पाइन्छ । यो जातिको समुदायमा दाइजो प्रथाको विकृति छैन् । विवाहमा केटापक्षबाट लमीको माध्यमबाट केटी पाउने अर्थात कुरा चलाउने छिनोफानो गर्ने परम्परा छ । आर्थिक क्षेत्र र आयस्रोतलाई हेर्दा परम्परागत होटल व्यवसाय, व्यापार व्यवसाय, लेखापढी व्यवसाय, जाडरक्सी व्यवसाय अपनाएका महिलाहरु बढी पाइन्छन् । दुग्धजन्य पदार्थको विक्री र नगदेबालीलाई पनि आयस्रोतको रुपमा अपनाएका छन् । यहाँका नेवारी महिलाहरु राजनैतिक क्षेत्रमा पछाडि रहेता पनि स्वास्थ्य शिक्षा प्रति भने सचेत रहेको पाइन्छ ।

नेवार जातिका महिलाहरु परिश्रमी मेहनती तथा क्षमतावान भए पनि पृतिसतात्मक सोचले उनीहरु पछाडि परेका छन् र आर्थिक परिचालनमा पुरुष प्रति आश्रित छन् । योग्यता अनुसारको अवसर पाउन सकेको छैनन् । त्यसैगरी राज्यले महिलाहरुको लागि ठोस कार्यक्रम नल्याउनु, नेवार महिलाहरुको स्तर माथि उठाउन गैर सरकारी संघसंस्थाहरु पनि आकर्षित नहुनु र राजनितिक चेतनाको विकास हुन नसक्नु पनि महिला पछाडि पर्नको कारण हुन् । निष्कर्षमा के भन्न सकिन्छ भने मानिसको आर्थिक, शैक्षिक स्तर राम्रो हुदैमा मानिसको विकास हुन सक्दैन । मानिसको विकास हुनको लागि सम्पूर्ण पक्षहरुको समानुपातिक विकास हुन जरुरी छ । यहाँ पनि नेवार महिलाहरुको आर्थिक शैक्षिक स्तर राम्रो देखिएता पनि पितृसतात्मक सोच, सामाजिक र साँस्कृतिक मुल्य मान्यता गर्दा पुरुषको

तुलनामा महिलाहरुको स्तर र व्यत्तित्व विकास हुन सकेको छैन । जीवनको हरेक अवसरबाट बञ्चित छन् पुरुषप्रति आश्रित छन् । तर आधुनिक युवाहरुमा भने परम्परागत सोचमा परिवर्तन हुँदै गएको पाउँछौं । आधुनिक महिलाहरुले घरायसी काम भन्दा बाह्र कामलाई महत्व दिन थालेका छन् । यिनीहरु महिला सशक्तिकरणको बारेमा चेतना हुँदै गएको पाइन्छ । यसरी नयाँ पुस्तामा समय सापेक्ष परिवर्तनहरु देखापर्दै जानुले पनि भविष्यमा पर्याप्त सुधार प्रगति हुने सम्भावना देखिन्छ ।

## ६.३ सुझाव

यस अध्ययनमा नेवार महिलाहरुको सामाजिक सशक्तिकरणको अवस्थाको बारेमा प्राप्त तथ्याङ्क र यसको परिणामबाट यिनीहरुको वर्तमान स्थितिको बारेमा स्पष्ट रुपमा विभिन्न कुराहरुको बारेमा जानकारी प्राप्त भएको छ । साथै नेवार महिलाहरु पुरुषको तुलनामा पछाडि पर्नुमा पितृसतात्मक सोच, सामाजिक र आर्थिक असमानता र राजनैतिक चेतनाको अभाव नै प्रमुख कारकको रुपमा देखिएको छ । त्यसैले एउटा रथका दुई पाँग्रा भनिने महिलाहरुको आर्थिक सामाजिक, राजनैतिक, शैक्षिक तथा सामाजिक सशक्तिकरणको अवस्था अझ राम्रो बनाउनको लागि देहाय अनुसारका सुझावहरु प्रस्तुत गरिएको छ ।

१. पितृसत्तात्मक सोच र परम्परागत जातिय संस्कारबाट यिनीहरु ग्रसित भएको हुँदा त्यसबाट मुक्त गर्न सरकारी तथा गैर सरकारी संस्थाबाट चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ ।
२. राज्यका सम्पूर्ण क्षेत्रमा नेवार महिलाहरुको पहुँच बढाउन राज्यले विशेष कार्यक्रम बनाई लागु गर्नुपर्ने र त्यस कार्यक्रमलाई कडाईका साथ कार्यान्वयन गर्नुपर्दछ ।
३. नेवार महिलाहरुको स्तर वृद्धि हुने खालको विकासका रणनीतिहरुलाई राज्यले अँगाल्नु पर्ने देखिन्छ ।
४. राजनितिमा महिला सहभागिता वृद्धि गर्दै विभिन्न राजनितिक दलहरुले नेवार महिलाहरुलाई उचित स्थान दिनुपर्दछ ।
५. नेवार महिलाहरुलाई राज्यको सम्पूर्ण संरचनाहरुमा सहभागिता गराउनलाई आरक्षणको व्यवस्था गर्नुपर्दछ ।
६. नेवार जातिका महिलाहरुलाई आत्मनिर्भर, रोजगारीमुखी बनाउन क्षमतामा आधारित सिपमुलक कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

७. औपचारिक एवम् अनौपचारिक सर्वसुलभ एवम् रोजगारमुखी शिक्षाको प्रबन्ध मिलाउन अभियान नै सञ्चालन गर्नुपर्ने छ ।

यसरी माथि उल्लेखित विभिन्न सुझावहरुलाई लागु गर्न सके इलाम नगरपालिकाका महिला लगायत अन्य समस्त महिलाहरुको उन्नति प्रगति र व्यक्तित्व विकास हुन्छ । टोल, गाउँ जिल्ला हुँदै समग्र राष्ट्रको नै उन्नति गर्न सकिन्छ ।

# सन्दर्भ सामाग्री

ओझा,नेत्रकुमार (२०६९), *समाजशास्त्र र मानवशास्त्रमा अनुसन्धान पद्धति,*

दिव्य देउरालीप्रकाशनप्रा.लि., बागबजार, काठमाडौं ।

ओझा,नेत्रकुमार (२०६८), *सामाजिक संस्था र प्रक्रियाहरुको विश्लेषण,*

दिव्य देउरालीप्रकाशनप्रा.लि., बागबजार, काठमाडौं ।

कार्की, रनबहादुर, २०५८, *इलामदर्शन इलाम* ,

प्रकाशकः डिल्लीकुमारी कार्की ।

तुलाधर प्रेमशान्ति, *नेवार जातीको चिनारी, (२०६७)*

आदिबासीजनजातिउत्थान राष्ट्रिय प्रतिष्ठान, जावलखेल, ललितपुर, नेपाल ।

नामसालिङ्ग सामुदायिकविकास केन्द्र, इलाम ।

राष्ट्रिय जनगणना (२०६८), केन्द्रियतथ्याङ्कविभाग, काठमाडौं ।

राष्ट्रिय जनगणना (२०६१), केन्द्रियतथ्याङ्कविभाग, काठमाडौं ।

विष्ट डोर बहादुर,(२०३०),*सबै जातको फुलबारी,*काठमाडौं साझाप्रकाशन ।

शर्मा जनकलाल, २०३९, *हाम्रो समाज एक अध्ययन* , काठमाडौं साझाप्रकाशन ।

# परिशिष्ट १

## प्रश्नावली (Questionnaires)

“नेवार महिलाहरुको सामाजिक शसक्तिकरणको अवस्था”

उत्तरदाताको नाम :

उमेर : | लिङ्ग : | पेशा :
धर्म : | शिक्षा : | भाषा :
विवाह : | पुरुष संख्या : | महिला संख्या :
परिवार संख्या :

विस्तृत पारीवारिक विवरण :

| क.स. | नामथर | लिङ्ग | उमेर | शिक्षा | पेशा | धर्म | विवाहको प्रकार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| ११ | | | | | | | | |
| १२ | | | | | | | | |
| १३ | | | | | | | | |

१) तपाईको घरमुली को हुनुहुन्छ ?

क) महिला ख) पुरुष

२) तपाईको नाममा जग्गा जमिन कति छ ?

| क.स. | जमिनको प्रकार | जमीन (रोपनी) | कैफियत |
|---|---|---|---|
| १ | खेत | | |
| २ | बारी | | |
| ३ | जंगल | | |
| ४ | अन्य | | |

३. तपाईको जमिनबाट कुन-कुन प्रकारको अन्न उत्पादन गर्नुहुन्छ ?

| क.स. | उत्पादन गर्ने बाली | कुल उत्पादन (मुरीमा/केजीमा) | कैफियत |
|---|---|---|---|
| १ | धान | | |
| २ | मकै | | |
| ३ | कोदो | | |
| ४ | फलफूल | | |
| ५ | सागसब्जी, गेडागुडी | | |
| ६ | अन्य | | |

४. खेतिबाट उत्पादित खाद्यान्नबाट परिवारलाई कति महिना खान पुग्छ ?

क) दुइ महिना ☐

ख) चार महिना ☐

ग) छ महिना ☐

घ) १२ महिना ☐

ङ) बेच विखन गर्ने ☐

५. तपाईको परिवारमा बिरामी परेमा उपचार कहाँ गर्नुहुन्छ ?

क) अस्पताल ☐

ख) वैद्य उपचार ☐

ग) घरायसी उपचार ☐

घ) धामी झाँकी ☐

ङ) स्वास्थ्य चौकी ☐

च) अन्य ☐

६. खाना पकाउन कुन इन्धन प्रयोग गर्नुहुन्छ ?

क) दाउरा ☐

ख) ग्याँस ☐

ग) गुँइठा ☐

घ) मट्टितेल ☐

ङ) अन्य ☐

७. बत्तीको लागि कुन माध्यम प्रयोग गर्नुहुन्छ ?

क) बिजुली बत्ती

ख) टुकी बत्ती

ग) सोलार बत्ती

घ) मट्टितेल

ङ) मैन बत्ती

च) अन्य

८. तपाईले ऋण के को लागि लिनु भएको छ ?

क) चाडपर्व मनाउन

ख) बिहेवारी गर्न

ग) घर बनाउन

घ) छोराछोरी पढाउन

ङ) मृत्यु सँस्कार गर्न

च) औषधि उपचार गर्न

छ) खान नपुगेर

ज) अन्य

९. तपाईहरुको नेवार समुदाय भित्र कस्तो प्रकारको वैवाहिक प्रथा छ ?

क) मागी विवाह

ख) चोरी विवाह

ग) प्रेम विवाह

घ) जारी विवाह

ङ) विधवा विवाह

च) अर्न्तजातिय विवाह

छ) अन्य

१०. तपाईको नगरपालिकामा विकासका कुन कुन पूर्वाधारहरु पुगेको छ ?

क) बाटो/ यातायात

ख) बिजुली

ग) सञ्चार

घ) स्वास्थ्य

ङ) विद्यालय/क्याम्पस

च) अन्य

# परिशिष्ट २

## स्थलगत अध्ययनको क्रममा सोधिएका प्रश्नावली

१) यस स्थानमा बसोबास गर्नुभएको कति भयो ?

.........................................................................................

२) यदी तपाईलाई सम्झना छ भने यो स्थानमा बस्नलाई कहाँबाट आउनुभयो ?

.........................................................................................

३) यदि तपाईको घर, टोल, समुदाय भित्र हिंसा वा झै–झगडा छ ? यदि छ भने कस्तो प्रकारको (मानसिक, शारीरिक) छ र के कारणले घरेलु हिंसा हुन्छ ?

.........................................................................................

४. झै–झगडा हिंसा भएमा कसरी र कुन माध्यमबाट गर्नुहुन्छ ? यदि उजुरी गर्नु परेमा कहाँ गर्ने गरेको छ ?

क) आफ्नै जातीको गाँउ मुखियाकोमा

.........................................................................................

ख) जिल्ला प्रशासन

.........................................................................................

ग) प्रहरी चौकी

.........................................................................................

घ) घरभित्र

.........................................................................................

ङ) अन्य

.........................................................................................

५) तपाईको जातीको उत्पत्ति, वंश कहाबाट भएको हो ?

.........................................................................................

६) तपाईको थर के हो ........................................................................

.........................................................................................

७) व्यापार गर्नुहुन्छ ? व्यापारबाट कति आम्दानी गर्नुहुन्छ ? ................................

.................................................................................................

८) अंशको बाँडफाँड कसरी गर्नुहुन्छ ?........................................................................

.................................................................................................

९) खेतीबाट नपुगेमा अरु खाना कसरी जुटाउनु हुन्छ ?..........................................

.................................................................................................

१०) छोरीलाई अंश दिन उपयुक्त छ कि छैन ? दिन उपयुक्त छ भने किन र छैन भने किन ?

.................................................................................................

११) निर्णय प्रक्रियामा तपाईहरुको नेवार समुदायमा महिलाको भूमिका कस्तो छ ? कसको भूमिका बढी छ ? सासु, बुहारी, छोरी, विधवा महिला किन ?

.................................................................................................

१२) छोरा र छोरीमा कसलाई पढाउन बढी उत्प्रेरित गर्नुहुन्छ ?

१३) छोराछोरीलाई एउटै स्कुलमा पढाउनु हुन्छ  कि फरक फरक स्कुलमा पढाउनु हुन्छ ? किन ?

क) सरकारी स्कूल

.................................................................................................

ख) निजी स्कुल (बोर्डिङ स्कुल)

.................................................................................................

१४) तपाईले परिवार नियोजन गर्नु भएको छ ? यदि छ भने किन ? यदि छैन भने किन ?

.................................................................................................

१५) तपाईहरु श्रीमान र श्रीमती मध्ये कुनले परिवार नियोजन गर्नुभएको छ ? किन ?

क) स्थाई ..................................................................................................

ख) अस्थाई..................................................................................................

१६) तपाईहरु कुन चाड बढी मनाउनु हुन्छ ? किन ?

क) दशैं

………………………………………………………………………………………

ख) तिहार

………………………………………………………………………………………

ग) चैते दशैं

………………………………………………………………………………………

घ) माघे संग्रान्ति

………………………………………………………………………………………

ङ) अन्य

………………………………………………………………………………………

१६) घर व्यवहार सञ्चालन गर्न आर्थिक स्रोत जुटाउने कार्यमा कसको भूमिका बढी हुन्छ ? किन ?

क) पुरुष………………………………………………………………………………………

ख) महिला………………………………………………………………………………………

१७) कृषि कार्यमा महिला र पुरुष मध्ये कसले बढी भाग लिन्छ ? किन ?

क) पुरुष………………………………………………………………………………………

ख) महिला………………………………………………………………………………………

१८) यदि ऋण लिनु भएको छ भने कहाँबाट लिनु भएको छ ?

………………………………………………………………………………………

१९) तपाईको वार्षिक आम्दानी कति छ ? र वार्षिक खर्च कत्ति छ ?

………………………………………………………………………………………

२०) तपाईहरुको गाँउमा विकासको पूर्वाधार निर्माण र विस्तार भई सकेपछि सामाजिक, आर्थिक, साँस्कृतिक, भाषिक विषयमा विगतको समाज र वर्तमान समयमा के अन्तर पाउनु भएको छ ?

.............................................................................................

२१) छिमेकी घरधुरी संख्याको सामान्य जानकारी :

| क.स. | घरमुलीको नाम | लिङ्ग | पेशा | धर्म | वार्षिक आम्दानी | परिवार संख्या | पुरुष | महिला |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| ११ | | | | | | | | |
| १२ | | | | | | | | |
| १३ | | | | | | | | |
| १४ | | | | | | | | |

# अध्ययनको क्रममा प्रयोग गरिएका चेकलिष्टहरु :

१) नेवार जातीको उत्पत्ति, वंशको बारेमा केही जानकारी छ ? नेवार जातीको बारेमा केही किम्बदन्ती कथाहरु छ भने मलाई बताई दिनु हुन्छ की ?

२) विशेष काठमाडौं उपत्यकामा थलो भएर रहेको तपाईहरुको बसोबास वा कहाँबाट बसाई सर्दै आउनुभयो कुनै ऐतिहासिक आधार वा प्रमाण छ भने बताइदिनुहोस ?

३) तपाईहरुको विवाह संस्कार, मृत्यु संस्कार कस्तो छ ?

४) छोरा र छोरीलाई न्वारान कसरी गर्नुहुन्छ ?

५) नेवार जातीमा जात विभाजन छ कि छैन ?

६) तपाईहरु हिन्दु धर्म हो कि बौद्धिष्ट धर्म वा अरु कुनै धर्म मान्नु हुन्छ ?

७) तपाईहरुको समुदायमा छोरा र छोरी वा पुरुष र महिला बिच हेरिने दृष्टिकोण, व्यवहारमा  भेदभाव छ वा समान छ ?

८) नेवार जातीमा भाउजुलाई स्वीकार गरिन्छ कि गरिन्दैन ?

९) नेवार जातीको मातृभाषाको केही शब्दहरु बताई दिनु हुन्छ कि ?

१०) दाजुभाईमा अंशवण्डा गर्दा कुन भाईलाई पहिला छान्ने अधिकार दिनुहुन्छ ? जस्तै लिम्बु जातीमा कान्छा भाईलाइ अंश छान्ने अवसर पहिला हुन्छ ।

# परिशिष्ट ३

## अन्तर्वार्ता लिएको व्यक्तिहरुको नामावली

| क.स. | नामथर | उमेर (वर्ष) | ठेगाना |
|---|---|---|---|
| १ | कृष्णा श्रेष्ठ | ५२ | इलाम नगरपालिका–६ |
| २ | अनिशा श्रेष्ठ | २० | इलाम नगरपालिका–६ |
| ३ | नारायणी श्रेष्ठ | ४० | इलाम नगरपालिका–६ |
| ४ | दीपिका श्रेष्ठ | २० | इलाम नगरपालिका–६ |
| ५ | रमा श्रेष्ठ | १६ | इलाम नगरपालिका–६ |
| ६ | विद्या श्रेष्ठ | ३० | इलाम नगरपालिका–६ |
| ७ | सविता श्रेष्ठ | २५ | इलाम नगरपालिका–६ |
| ८ | निर्मला श्रेष्ठ | ५५ | इलाम नगरपालिका–६ |
| ९ | कविता श्रेष्ठ | ३१ | इलाम नगरपालिका–६ |
| १० | कल्पना श्रेष्ठ | २७ | इलाम नगरपालिका–६ |
| ११ | राधा श्रेष्ठ | २६ | इलाम नगरपालिका–६ |
| १२ | कमला श्रेष्ठ | ४३ | इलाम नगरपालिका–६ |
| १३ | पूजा श्रेष्ठ | २९ | इलाम नगरपालिका–६ |
| १४ | स्मारिका श्रेष्ठ | १४ | इलाम नगरपालिका–६ |
| १५ | गीता श्रेष्ठ | ३७ | इलाम नगरपालिका–६ |
| १६ | जुनु श्रेष्ठ | २३ | इलाम नगरपालिका–६ |
| १७ | नायरा श्रेष्ठ | २८ | इलाम नगरपालिका–६ |
| १८ | अन्जु श्रेष्ठ | २० | इलाम नगरपालिका–६ |
| १९ | रेखा श्रेष्ठ | ३३ | इलाम नगरपालिका–६ |
| २० | रिता श्रेष्ठ | ३४ | इलाम नगरपालिका–६ |
| २१ | नानु श्रेष्ठ | १५ | इलाम नगरपालिका–६ |